नेपाल सरकार

संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय

जिल्ला विकास समिति सुर्खेत

गाउँ विकास समितिको कार्यालय

गढी, सुर्खेत

गा.वि.स. को पार्श्वचित्र– २०७१

प्रकाशक

गाउँ विकास समितिको कार्यालय

गढी, सुर्खेत

कृतज्ञता ज्ञापन

सुर्खेत जिल्ला निर्वाचन क्षेत्र नं. ३ मा पर्ने यस गढी गाविस बस्तुस्थिति विश्लेशण (VDC Profile) सम्बन्धी अध्ययन कार्य गाविसले तयार गरी प्रस्तुत गर्न पाउँदा हामी हर्षित छौ । यस अध्ययन कार्यमा गाविसलाई विभिन्न क्षेत्रबाट आर्थिक, प्राविधिक, परामर्श तथा रायसुझाव प्राप्त भएको छ र जसको परिणामस्वरुप यो गाविस पार्श्वचित्र तयार गर्न गाविस सफल भएको छ । आर्थिक तथा प्राविधिक सहयोग गरी यस अध्ययन कार्य सफल पार्न योगदान गर्ने साझेदारी विकास परियोजना अर्न्तगत स्याक नेपाल प्रति सर्वप्रथम गाविस परिवार हार्दिक आभार प्रकट गर्दछौ । यसैगरी अध्ययन कार्यमा सहजिकरण गर्ने र आवश्यक परामर्श प्रदान गर्ने श्री ललितजंग शाही र निराजन शाही साथै विभिन्न तहका छलफल कार्यमा सहजिकरण तथा तथ्यांक संकलन गर्नुहुने यस गाविसका सामाजिक परिचालकहरु प्रति गाविस आभारी छ । अध्ययनकको क्रममा प्रारम्भिक प्रतिवेदन पुनरावलोकन, नपुग तथ्याङ्क संकलन तथा विश्लेषण, गाविसस्तरीय छलफल गरी अन्तिम प्रतिवेदन तयारीमा सहयोग गर्नु हुने परामर्शदाता र गढी गाउँ विकास समितिको गाविस बस्तुस्थिति विश्लेशण (VDC Profile) सम्बन्धी अध्ययन कार्यमा सहभागी भई रचनात्मक सुझाव र सहयोग दिनु हुने सम्पुर्ण महानुभावहरूलाई धन्यवाद सहित हार्दिक आभार प्रकट गर्न चाहान्छौ ।

……

गाविस सचिव
गा.वि.सको कार्यालय
गढी सुर्खेत

विषय सुची

परिच्छेद एक ७

परिचय ७

१.१. पृष्ठभूमी (Background) ७

१.२. अध्ययनका उद्देश्यहरु ८

१.३. अध्ययनको महत्व ८

१.४. अध्ययनको औचित्य ८

१.५ अध्ययन विधि ९

१.६. अध्ययनको क्षेत्र र सिमा ९

परिच्छेद दुई १०

गा.वि.स.को परिचय १०

२. पृष्ठभूमी १०

२.१. सुर्खेत जिल्लाको संक्षिप्त परिचय १०

२.२. गढी गाउँ विकास समिति को परिचय १२

२.२.१. भौगोलिक अवस्थिती १२

२.२.२. गाउँ विकास समितिको ऐतिहासिक पृष्ठभूमी १२

२.२.३. भु—क्षेत्र १३

२.२.४. जलवायु १३

२.२.५. गा.वि.स.को अन्तर सम्बन्ध १३

२.२.६.श्रोत र सम्भावना १३

परिच्छेद —तीन १५

जनसंख्या विवरण र प्रक्षेपण १५

३. आधारभुत तथ्याI विश्लेषण १५

३.१.१. जनसांख्यिक अवस्था १८

३.१.२. वडा अनुसारको जनसंख्या वितरण १८

३.१.३. जातजातिका आधारमा जनसंख्याको वितरण १९

३.१.४.धर्मको आधारमा जनसंख्याको वितरण २१

३.१.५. उमेरगत समूह अनुसारको जनसंख्या विवरण २२

३.१.६. भाषाको आधारमा जनसंख्याको विवरण २३

३.१.७. भिन्न शारिरीक तथा मानसिक क्षमता भएका व्यक्तिहरुको जनसंख्याको विवरण २४

३.२. व्यक्तिगत घटना दर्ता २६

३.२.१. जन्म दर्ता २६

३.२.२. मृत्यु दर्ता २६

३.२.३. विवाह ,सम्बन्ध विच्छेद र बसाइसराइ दर्ता २७
३.२.४. वालविवाहको अवस्था २८
परिच्छेद – चार २९
सामाजिक विकास २९
४.१.स्वास्थ्य २९
४.१.१. स्वास्थ्य सेवाको पहुँच २९
४.१.२. दिर्घ रोग सम्बन्धी विवरण ३०
४.१.३. मृत्यु (विगत ५ वर्ष को विवरण) ३१
४.१.४.परिवार नियोजन ३१
४.२. शिक्षा ३२
४.२.१. साक्षरताको अवस्था ३३
४.२.२. जातिगत साक्षरता ३४
४.२.३. हालको शैक्षिक अवस्था ३५
४.२.४. विद्यालयमा अध्ययनरत कुल विद्यार्थी विवरण ३६
४.२.५. गा.वि.स. बाहिरका विद्यालयमा अध्ययनरत विद्यार्थी ३७
४.२.६. वडा अन्तर्गतका विद्यालयमा कूल विद्यार्थी भर्ना सम्बन्धी विवरण ३७
४.२.७. जातजातिगत आधारमा विद्यार्थी भर्ना सम्बन्धी विवरण ३८
४.२.८.कक्षा दोहोऱ्याउने विद्यार्थी सम्बन्धी विवरण ४१
४.२.९. तहगत रुपमा कूल शिक्षक सम्बन्धी विवरण ४२
४.३.१ छात्रवृत्ति सम्बन्धी विवरण ४३
४.३.२. वडा अर्न्तगतका विद्यालयमा शिक्षक सम्बन्धी विवरण (नियुक्तिको प्रकारका आधारमा) ४५
४.३.३. वडा अन्तर्गतका विद्यालयमा शिक्षकको तालिम सम्बन्धी विवरण ४६
४.३.४. विद्यालयमा उपलब्ध भौतिक सुविधा सम्बन्धी विवरण ४८
४.३.५. वालविकास केन्द्र वा पूर्व प्रा.वि. मा जाने वालवालिकाहरु ४९
४.३.६. विद्यालय जान छाड्नेहरु ५०
४.३.७. जातिगत आधारमा विद्यालय भर्ना नभएका विद्यार्थी विवरण ५१
४.३.८.विद्यालय जान लाग्ने समय ५३
४.४ मानव संसाधन ५३
४.४.१.जनचेतनामुलक तालिम प्राप्त विवरण ५५
४.४.२. लैंगिक समानता र विकास ५६
४.५. प्रकोप तथा शान्ति सुरक्षा ५७
४.५.१. प्रकोप ५७
४.५.२. शान्ति सुरक्षा ५७

४.५.३. द्वन्द्व को प्रभाव र असर ५७

४.५.४. ज्येष्ठ नागरिक, दलित जेष्ठ नागरिक तथा असहाय विधवा र अपार भत्ता वितरणको स्थिती ५८

४.५.५. स्थानिय स्तरमा मानव अधिकार हननका घटनाहरु ५९

परिच्छेद — पाँच ६०

भौतिक पूर्वाधार ६०

५.भौतिक पूर्वाधार र सेवा सुविधाको उपलब्धता ६०

५.१. आवासको अवस्था ६०

५.१.१. घरको प्रकार ६०

५.२. खानेपानी तथा सरसफाइ ६१

५.२.१. खानेपानी स्रोत ६१

५.२.२. शौचालयको अवस्था ६२

५.३. उर्जा ६३

५.३.१ बत्तिको स्रोत ६४

५.३.२. खाना पकाउने इन्धन ६४

५.४. संचार सुविधा ६५

५.४.१. संचारका साधनको विवरण ६५

५.५. सडक तथा पुल ६६

५.६. सिचाइ सेवा सुविधा र पहुँच ६७

५.७. वन तथा उपभोक्ता समिति ६७

परिच्छेद ६ ..... ६९

आर्थिक विकास ६९

६.१ पेशा व्यवसाय तथा रोजगारीको अवस्था ६९

६.१.१. पेशामा संलग्न जनशक्ति ६९

६.१.२. वैदेशिक रोजगार ७०

६.२. कृषि ७०

६.२.१. कृषी प्रविधी ७०

६.२.२. कृषि उपज आयात निर्यात ७१

६.३. भु—स्वामित्व ७२

६.३.१. जमिनको स्वामित्व ७२

६.३.२. जमिनको आवादी ७२

६.४. सिंचाई ७३

६.४.१. सिचाइ सुविधा ७३

६.५. पशुपालन ७३

६.६. आम्दानी तथा खर्च ७४
६.६.१. आम्दानीको स्रोत ७४
६.६.२. वार्षिक खर्च ७५
६.६.३. ऋणको अवस्था ७६
६.६.४. ऋण उपयोगका क्षेत्रहरु ७६
६.६.५. खाद्यान्नको अवस्था ७७
परिच्छेद — सात ७८
संघसंस्था, राजनैतिक दल तथा नागरिक समाज ७८
७.१. संघसंस्था, राजनैतिक दल तथा नागरिक समाज ७८
७.१.१.सामाजिक परिचालन, सशक्तिकरण तथा संस्थागत विकास ७८
७.१.२. गढी गा.वि.स मा क्रियाशिल गैर सरकारी संघ संस्थाहरु ८०
७.१.३. सहकारी संस्थाहरु ८०
७.१.४. राजनैतिक दलको अवस्था ८१
परिच्छेद आठ ८२
धर्म, सँस्कृति, पर्यटन तथा खेलकुद ८२
८.२. समुदायका संस्कार तथा मुख्य चाडपर्व सम्बन्धी विवरण ८२
८.२.१. हिन्दु समुदायका संस्कारहरु ८२
८.२.२. चालचलनमा रहेका चाडपर्वहरु ८३
८.१.३. धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थल सम्बन्धी विवरण ८५
परिच्छेद नौ ८७
गाउँ विकास समितिको संस्थागत अवस्था ८७
९.१. गाउँ विकास समितिमा कार्यरत कर्मचारीहरुको विवरण ८७
९.२. गा.वि.स.मा उपलब्ध भौतिक पूर्वाधारहरुको विवरण ८७
९.३. गाविसको वार्षिक वजेट विवरण ८७
९.४. गा.वि.स. मातहतका समितिहरु ८७
९.५. गढी गा.वि.स.को वर्ष ०७०ऽ०७१ को आय व्यय विवरण ८८
अनुसुची १ ..... ९०
अनुसुची २ ..... ९३
अनुसुची ३ ..... ९५
सन्दर्भ सामाग्री १०७

परिच्छेद एक
परिचय

१.१. पृष्ठभूमी (Background)

नेपालको सन्दर्भमा गाउँ विकास समिति ग्रामीण भेगको स्थानीय सरकार हो । यसले स्थानीय स्तरमा जनतालाई तोकिएका सेवाहरु प्रवाह गर्दछ । नेपालमा रहेका गा.वि.स.हरु स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा यस अन्तर्गत जारी भएका नियामावलीहरुद्वारा निर्देशित भएका छन् । यस ऐन तथा नियमावलीमा गाउँ विकास समितिहरुले वस्तुगत विवरण तयार गरी त्यसैका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । वस्तुगत विवरण तयारीका लागि सूचना संकलन र विश्लेषण गर्नु पर्दछ । संकलन गरिएका सूचनालाई यथार्थपरक ढंगले राखी वस्तुगत विवरण तयार गर्दा त्यसले गा.वि.स. लगायत अन्य सरोकारवालाहरुलाई विकास क्रियाकलाप संचालन गर्न ठूलो सहयोग पुऱ्याउँदछ ।

कुनै पनि व्यक्ति, संस्था, घटना, प्रक्रिया वा चिजविज वारेको तथ्य वा विस्तृत विवरणलाई सामान्यतः सूचना भनिन्छ । सूचनाहरु संकलनका आधारमा दुई प्रकारका हुन्छन् (प्राथमिक र द्वितीय सूचना) । प्राथमिक सूचना संकनकर्ता आफैले सम्बन्धित क्षेत्रमा गएर संकलन गरिन्छ भने अरुले संकलन गरेको सूचनालाई द्वितीयक सूचना भनिन्छ । यी सूचनाहरुलाई संकलन, प्रशोधन (तालिकीकरण, व्याख्या वा विश्लेषण) तथा प्रकाशन गर्ने सम्मका सम्पूर्ण कार्यहरु सूचना व्यवस्थापन अर्न्तगत पर्दछन् । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्न सकियोस भन्ने उद्देश्यले सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचनालाई आवश्यक मात्रामा निकाल्न र प्रयोग गर्न सकिने हुनु पर्दछ । सूचना व्यवस्थापन नगरी सवै वा अनावश्यक मात्रमा दिँदा मुख्य विषय छुट्ने वा ओझेलमा पर्ने सम्भावना हुन्छ । त्यसकारण सूचनाको व्यवस्थापन गर्न आवश्यक हुने गर्दछ ।

गाउँको विकास, निर्माण र सार्वजनिक सेवा प्रवाहमा स्थानीय निकायको भूमिका बढिरहेको सन्दर्भमा गाउँमा विकास सम्बन्धी सूचना व्यवस्थापन गा.वि.स.ले गर्नुपर्ने एक महत्वपूर्ण कार्य हो । तर हालसम्म गा.वि.स.को वस्तुगत विवरण तयारीका लागि स्पष्ट खाका नभएको हुनाले तयार गर्न चाहने तथा प्रयास गर्ने गा.वि.स.हरुका वस्तुगत विवरणहरु अपूर्ण छन् भने तिनीहरुमा एकरुपताको अभावका कारण योजना निर्माण र विकास निर्माणका कार्यमा कठिनाई उत्पन्न भएको देखिन्छ । गा.वि.स.का विविध पक्षहरुको वास्तविक स्थितिको तथ्यांक र सूचना विना कुनै पनि योजनाको सही छनौट हुन सक्दैन । तसर्थ वस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनताको चाहनामा आधारित कार्यक्रम संचालन गर्न तथा भविष्यका लागि पूर्व तयारी गर्न समेत यसले सहयोग पुग्दछ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ४३ अनुसार प्रत्येक गाउँ विकास समितिले आफ्नो गाउँको विकासका लागि आवधिक र वार्षिक गाउँ विकास योजना तर्जुमा गर्नुपर्ने प्रावधान अनुसार यस गढी गाउँ विकास समिति, सुर्खेतले स्याक नेपाल संस्थाद्वारा संचालित साझेदारी विकास परियोजना अर्न्तगत रही सोही संस्थाको आर्थिक र प्राविधिक सहयोगमा यस गाविसको पार्श्वचित्र तयार गरेको छ । गाविस बस्तुस्थिति विबरण पुस्तिका तयार पार्दा गाविसको भू-वनावट, सम्भाव्यता, स्थानीय आवश्यकता, स्रोत

व्यवस्थापन, प्राथमिकता आदि पहिचान गरी दीर्घकालीन विकासको सोंच र अवधारणा अनुरुप नेपाल सरकारबाट पाउने अनुदान, आन्तरिक स्रोत, स्थानीय सामुदायिक समूह, गैसस, अन्तर्राष्ट्रिय गैसस, विकास साझेदार निकाय तथा निजी क्षेत्रबाट परिचालन हुने स्रोत तथा जनसहभागिताको आधारमा बजेट प्रक्षेपण गरी यो गाविस बस्तुस्थिति विबरण पुस्तिका वा पार्श्वचित्र (Profile) तयार गरिएकोछ ।

१.२. अध्ययनका उद्देश्यहरु

यस गाविस बस्तुस्थिति विबरणको मुख्य उद्देश्यहरु यस प्रकार रहेका छन् :

- गाविसको आवश्यकता, सम्भाव्यता र प्राथमिकताको आधारमा स्पष्ट लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम तयार पारी वार्षिक योजना तर्जुमामा मद्दत गर्ने ।
- गा.वि.स.को वास्तविक र सही सूचना संकलन तथा व्यवस्थापन गर्न मद्धत पुग्ने ।
- स्रोत, साधन र शीपको पहिचान गरी त्यसको सदुपयोग गर्न तथा सम्भावित जोखिमहरुबाट वच्ने उपायहरुको खोजी गर्न सकिने,
- भौगोलिक, सामाजिक, आर्थिक, धार्मिक, प्राकृतिक र मानवीय जीवनका हरेक पक्षहरुका वारेमा जानकारी प्राप्त हुने हुनाले संचालित कार्यक्रमको समीक्षा गरी सुधार, समायोजन वा परिवर्तन गर्न र नयाँ योजना तर्जुमाका लागि पृष्ठपोषण *(Feedback)* प्राप्त हुने,
- सरकारी एवं गैरसरकारी सँस्था तथा स्थानीय निकायहरुवीच समन्वय गराई कार्यान्वयनको प्रभावकारिता बढाउँदै विकासको दोहोरोपनलाई कम गर्दै लाने ।
- सूचनाबाट विभिन्न निकाय तथा व्यक्तिहरुसँग सम्बन्ध बढाउन सहज हुने हुनाले आपसी सहयोगको वातावरण निर्माण हुने,
- यस गढी गा.वि.स.मा रहेका सम्पूर्ण स्रोत र साधन का साथै राज्यले प्रदान गर्दै आइरहेका विभिन्न सेवा सुविधाको बारेमा स्पष्ट नक्सांकन हुने ।

१.३. अध्ययनको महत्व

विकासका प्रतिफलहरु जनसमक्ष पुऱ्याउन एवं सबै वर्गले उपयोग गर्न सक्ने वातावरणको श्रृजना गर्नका लागि स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु आजको सन्दर्भमा प्रमुख आवश्यकता हुन्छ । आजको विश्वव्यापीकरण को यूगमा समय सापेक्ष ढंगले समानुपातिक विकासका प्रकृयाहरु अगाडि बढाउन सम्बन्धित क्षेत्रको वस्तुगत र विश्लेषणात्मक अध्ययन हुनु जरुरी पर्दछ । यस अध्ययनले यस गढी गा.वि.सको वास्तविक वस्तुस्थिति पहिचान गरी भावि विकास योजना र रणनीतिहरु तर्जुमा गर्न तथा विभिन्न विकासका क्रियाकलापहरु संचालन गर्न विशेष महत्व राख्ने छ । यसका अतिरिक्त प्रस्तुत पार्श्वचित्र सम्बन्धित क्षेत्रका संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, विकास चिन्तक, समाजसेवी लगायत जिज्ञाशु महानुभावहरुलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको महत्व व्यापक रहेको छ ।

१.४. अध्ययनको औचित्य

नेपाल सरकारले स्थानीय निकाय अर्न्तगत गाविसहरुलाई दिँदै आएको विकास अनुदानमा पांचँ लाखबाट बढोत्तरी गरी आर्थिक वर्ष ०६५/०६६ देखि न्यूनतम १५ लाख देखि अधिकतम ३० लाखसम्म पुऱ्याएको छ ।

सोही आर्थिक वर्षदेखि नेपाल सरकारले गाविसहरुको न्यूनतम शर्त मापनका सूचकहरु लागु गरेको छ । ती सूचकहरुमध्ये हरेक गाविसले आफ्नो क्षेत्रको वस्तुगत विवरण तयार गर्नु पर्ने अनिवार्य व्यवस्था मिलाएको छ, । यस गाविसले वस्तुगत विवरणको आधारमा श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन एवंम् अनुगमन मुल्यांकंनका साथै नीति नियम तर्जुमाको सहयोगी हुने हुँदां पनि यसको अध्ययन अपरिहार्य हुन गएको हो ।

१.५ अध्ययन बिधि

गा.वि.स.को वस्तुगत विवरणको ढाँचा तयारीका लागि हाल तयार भएका विभिन्न वस्तुगत विवरणहरुको अध्ययन, सहस्राब्दी विकास लक्ष्यका लक्ष्य (MDG) तथा सूचकहरुको अध्ययन, जिल्ला सूचना व्यवस्थापन सम्बन्धी दिग्दर्शन र आवधिक गाउँ विकास योजना तर्जुमा मस्यौदा निर्देशिका आदि सामग्रीहरुको अध्ययन, विभिन्न जिल्लाका गा.वि.स.हरुको स्थलगत अध्ययन, यस क्षेत्रमा कार्य गरेका विज्ञहरुसँग गरेको परामर्श आदि प्रमुख हुन् ।

उल्लेखित ढाँचा अनुसार यस गढी गा.वि.स.को पार्श्वचित्र तयारीका लागि विभिन्न अध्ययन विधिहरुको प्रयोग गरिएको छ । यस क्रममा मुख्यगरी घरधुरी सर्वेक्षण, समुहगत छलफल तथा अर्न्तक्रिया लगायत सामाजिक अध्ययन विश्लेषणका विवरणात्मक र विश्लेषणात्मक शैलीहरुको उपयोग गरिएको छ । यसैगरी जिल्ला तहमा उपलब्ध प्रकाशित तथा अप्रकाशित द्वितीय सूचनाका श्रोतहरु र विभिन्न संघसंस्थाका प्रतिवेदनहरुको समेत अध्ययन, तुलना र विश्लेषण गरी समग्र गाविसको अवस्था झल्कने गरी सिंगो पार्श्वचित्र तयार गर्ने प्रयास गरिएको छ ।

१.६. अध्ययनको क्षेत्र र सिमा

प्रस्तुत गढी गा.वि.स.को प्रोफाईलको अध्ययन क्षेत्र विस्तृत भएको हुँदा अध्ययनको उद्धेश्यले दर्साएका विषयवस्तुलाई नै मुख्य क्षेत्रको रुपमा लिईएको छ । साधन, श्रोत, समय, लागत, सूचना लगायत अन्य विषयवस्तुहरुको सिमितताका कारणले जुनसुकै अध्ययन पनि केही निश्चित सीमा भित्र बाँधिएको हुन्छ यस अध्ययनमा स्थानीय विकास मंत्रालयले उपलब्ध गराएको मार्ग दर्शन र ढाँचा अनुसार तयार गरिएको आधारभूत सर्वेक्षण फारमवाट प्राप्त हुन सक्ने तथ्याङ्कलाई नै यस अध्ययनको मुख्य सिमाक्षेत्र मानिएको छ ।

परिच्छेद दुई
गा.वि.स.को परिचय

२. पृष्ठभूमी

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ वमोजिम हरेक गाविसले गाउँ विकासको निमित्त गाउँको तथ्यांक संकलन गरी गाउँको वस्तुस्थिति झल्कने गरी गाविसको वस्तुस्थिति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यहि वस्तुस्थिति विवरणको सूचनामा आधारीत भई आवधिक एवं वार्षिक योजना तर्जुमा गर्नुपर्ने हुन्छ । यसका साथै विद्यमान ऐन तथा नियमले पनि स्थानीय विकास र सुशासनको अभ्यासमा सूचनाको प्रयोगलाई न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको (MCPM) मुख्य कार्यक्षेत्रको रुपमा राखेको अवस्था छ ।

भरपर्दो एवं विश्वसनीय तथ्याङ्क र सूचनाबाट वस्तुगत र वैज्ञानिक योजना बन्न सक्छ र फलस्वरुप ठोस उपलब्धि हासिल हुनाका साथै स्रोतको प्रभावकारी परिचालन सम्भव हुन्छ । यस गाविसको सन्दर्भमा तथ्याङ्क र सूचनाको अभाव देखिदैंन, स्थलगत घरधुरी सर्भेक्षण, छलफल, अर्न्तक्रिया र स्थलगत सर्भेक्षण बाट प्राप्त हुन नसकेका तथ्या[र विवरण विगतमा तयार पारेका गाउँ प्रोफाइलका आधारमा यस गाविसको गाविसको वस्तुस्थिति विवरण विभिन्न खण्डमा यस प्रकार प्रस्तुत गरिएको छ ।

२.१. सुर्खेत जिल्लाको संक्षिप्त परिचय

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत भेरी अञ्चलमा पर्ने पाँच वटा जिल्लाहरु मध्ये सुर्खेत एक विकासोन्मुख जिल्ला हो । भेरी अञ्चलमा अवस्थित जिल्लाहरु मध्ये सुर्खेत जिल्लाको आफ्नै विशिष्ट पहिचान र आर्थिक, सामाजिक हैसियत रहेको छ । सुर्खेत जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रिय सदरमुकामका रुपमा १५ जिल्ला को एक शैक्षिक र प्रशासनिक केन्द्रको रुपमा स्थापित रहेको छ ।

नेपालको मानचित्रमा यसको फैलावट २८• २०" देखि २८• ५८" उत्तरी अक्षांश र ८०• ५९" देखि ८२• २" पूर्वी देशान्तरसम्म रहेको छ । समुद्री सतहबाट १९८ मी. (तातापानी गा.वि.स) उचाइदेखि २३६७ मी. (मटेला गुराँसे) उचाइसम्म यस जिल्लाको सतह रहेको छ । पूर्वबाट पश्चिमतर्फ साँघुरिएर फैलिएको सुर्खेत जिल्लाको कुल लम्बाइ ११० कि.मी. रहेको छ भने अधिकतम उत्तर दक्षिण तर्फको चौडाइ ३० कि.मी. रहेको छ । जिल्लाको करिब १६ प्रतिशत भाग उपत्यका भित्र र ८४ प्रतिशत भाग पहाडी क्षेत्रमा पर्दछ । यस जिल्लाको पूर्वमा सल्यान, पश्चिममा डोटी र अछाम, उत्तरमा जाजारकोट र दैलेख र दक्षिणमा वर्दिया र कैलाली जिल्लाहरु पर्दछन् । सुर्खेत जिल्लाको कुल क्षेत्रफल २४५१ वर्ग किलोमिटर अर्थात २४९०१६ हेक्टर रहेको छ । सहरी क्षेत्रफल ३४ वर्ग कि.मी. र ग्रामीण क्षेत्रफल २४१७ वर्ग कि.मी रहेको छ ।[1] सुर्खेत जिल्लालाई राजनैतिक वा प्रशासनिक उद्देश्यले ३ वटा

[1] सुर्खेत जिल्लाको पार्श्वचित्र २०६६

निर्वाचन क्षेत्र, ११ वटा इलाका, २ वटा नगरपालिका र ४४ वटा गा.वि.स हरुमा विभाजन गरिएको छ ।



बाह्र वण्डाल अठार खण्डाल को नामले परिचित यो जिल्ला २०१६ साल पहिला दैलेख जिल्ला अर्न्तगत रहेकाले यसको छुट्टै अस्तित्व थिएन र नेपाल अधिराज्यलाई १४ अञ्चल ७५ जिल्लामा प्रशासनिक विभाजन पश्चात १७ वटा गाउँ पञ्चायत र यसको जम्मा क्षेत्रफल ९५४ वर्ग मिल रहेको थियो भने समय समयमा सीमाना थपघट हुदै हाल यो जिल्ला पूर्वमा मालारानी गाविस देखि पश्चिम लगाम, वेतान सम्म लम्बिएको यसको भुबनोट लगभग इट्टा आकारको छ । यस जिल्लाको पुरानो नाम दोभानचौर (चौभानचौर) हो ।

भेरी, कर्णाली , सोतखोला, गोचेखोला, टोलीखोला, गिरिघाट खोला, चिराड खोला, झुप्राखोला यस जिल्लाका प्रमुख नदि तथा सहायक नदि अथवा खोला हुन् भने बुलबुले, बराह, गुप्तीदह प्रमुख ताल तलैया अर्न्तगत पर्दछन् । यस जिल्लाका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा देउती बज्यै मन्दिर, शिवमन्दिर, कालिका मन्दिर, कृष्ण मन्दिर, गणेश मन्दिर, सुबाघाट देउती बज्यै मन्दिर, छिन्चु देउती बज्यै मन्दिर, पेमा साङघाक छोलेङ गुम्बा, काँक्रेविहार, बुलबुले उद्यान, चमेरे गुफा आदि रहेका छन् । पहाडी क्षेत्रबाट मानिसहरु यस जिल्लाका विभिन्न स्थानहरुमा आइ सरसामान खरिद विक्री गरी लैजाने गर्दछन् । वीरेन्द्रनगर, छिन्चु, रामघाट, मेहेलकुना, जहरे, बोटेचौर, बड्डीचौर, बाबियाचौर, विद्यापुर , गुटु आदि यस जिल्लाका प्रमुख व्यापारिक केन्द्रहरु हुन् ।

<u>निर्वाचन क्षेत्र अनुसार गा.वि.स.को विभाजन</u>

निर्वाचन क्षेत्र नं.	गा.वि.स./न.पा.	संख्या
१	आग्रिगा“ उं, काप्रिचौर, राकम, बजेडिचौर, डाडाखाली, खानीखोला, रामघाट, मैनतडा, मेहलकुना, घुमखहरे, धारापानी, मालारानी, सहारे, दहचौर, गुमी, छिन्चु र घोरेटा	१७
२	नेटा, कल्याण, साटाखानी, रतु, गर्पन, लेखफर्सा, दशरथपुर, काफलकोट, रानीबास, अवलचि[a] , पाम्का, रजेना, मटेला, जर्बुटा, लाटिकोइली, र वीरेन्द्रनगर न.पा.	१५+१

३	लगाम, वेतान, विजौरा, गुटु, घाटगा“ उं, विद्यापुर, तातापानी, पोखरीकांडा, बाबियाचौर, सालकोट, छाप्रे, कुनाथरी, लेखगा“ उं, **गढि**, तरंगा, हरिहरपुर, उत्तरगंगा र लेखपराजुल	१८

स्रोत : सुर्खेत जिल्ला पार्श्वचित्र २०७०

२.२. गढी गाउँ विकास समिति को परिचय

२.२.१. भौगोलिक अवस्थिती

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत भेरी अञ्चलमा पर्ने सुर्खेत जिल्लालाई राजनैतिक वा प्रशासनिक उद्देश्यले ३ वटा निर्वाचन क्षेत्र, ११ वटा इलाका , २ वटा नगरपालिका र ४४ वटा गा.वि.सहरुमा विभाजन गरिएको छ । उक्त ५० वटा गा.वि.स हरु मध्ये गढी गा.वि.स. पनि एक हो । र यो निर्वाचन क्षेत्रका हिसाबले निर्वाचन क्षेत्र नं. ३ अर्न्तगत रहेको छ भने इलाका नं. ९ मा पर्दछ । सुर्खेत जिल्लाको पहाडी भागमा अवस्थित यो गा.वि.स.को क्षेत्रफल २८ वर्ग कि.मी. रहेको छ । यो सुर्खेत जिल्लाको सदरमुकाम वीरेन्द्रनगर नगरपालिका देखि ९ कि.मी. उत्तरमा अवस्थित रहेको छ । यस गा.वि.स.को पूर्वमा जर्बुटा गा.वि.स. पश्चिममा लेखगाउँ गा.वि.स., उत्तरमा दैलेखको सेरी गा.वि.स. र दक्षिणमा वीरेन्द्रनगर नगरपालिका पर्दछन् । इलाका नं ९ अर्न्तगत पर्ने यस गढी गा.वि.स. विश्व मानचित्रमा २८ डिग्री ३७ मिनेट उत्तर देखि २८ डिग्री ४३ मिनेट उत्तर अक्षांश सम्म र ८१ डिग्री ३४ मिनेट पूर्व देशान्तर देखि ८१ डिग्री ३८ मिनेट पूर्वी देशान्तर सम्म फैलिएको छ ।

२.२.२. गाउँ विकास समितिको ऐतिहासिक पृष्ठभूमी

यस गाविसको ऐतिहासिक रुपरेखा र नामांकन सम्वन्धमा कुनै आधिकारीक एवं भरपर्दो अभिलेख प्राप्त भएको छैन तापनी हालसम्म प्राप्त विभिन्न अभिलेख र जानीफकार र बुढापाका व्यक्तिहरुको कथन समेतको आधारमा यस गाविसको नामाकरण ऐतिहासिक पृष्ठभूमीका सम्वन्धमा रहेका भनाइहरु निम्न रहेको पाइन्छ ।

सुर्खेत जिल्लाको पुरानो सदरमुकाम समेत रहेको गोठीकाँडा यसै गा.वि.स.मा रहेको छ । यस गढी गा.वि.स. आफैमा एक भौगोलिक बनावटका रुपमा पनि तेश्रो डाँडो एक गढीका रुपमा अवस्थित रहेको छ । जुम्ला का राजाहरुले सुर्खेत उपत्यकाको लाटिकोइलीमा अवस्थित काँक्रेविहार दरबारलाई आक्रमण गर्नका लागि यो गा.वि.स.लाई एक रणनैतिक स्थानका रुपमा प्रयोग गर्ने गरेका थिए । र सोही गा.वि.स.मा चर्चित वयलकाँडा गढीबाट काँक्रेविहारमा तोप आक्रमण गरेका थिए । सोही चर्चित वयलकाँडा गढीका नामबाट यस गा.वि.स.को नामाकरण गरिएको भन्ने किंवदन्ती रहेको छ ।

२.२.३. भु—क्षेत्र

महाभारत श्रृङ्खलाको १००० मि. देखि २२०० मि. उचाइ सम्म रही पूर्वबाट पश्चिम तर्फ फैलिएको यो गा.वि.स को भुबनोट चटान युक्त र कंकड खैरो माटोको अधिकतमताले बनेको छ । पुरानो बस्ती र महाभारतको तल्लो भुभाग ले बनेको यहाँको भुसतह उर्भर माटोले बनेको छ । यहाँ खेती योग्य जमिन प्रयाप्त रहेको छ ।

२.२.४. जलवायु

यो गा.वि.स.मा विशेष गरी १००० मि. देखि २२०० मि. सम्मको उचाइ रहेको भुबनोट मा अवस्थित रहेकोले यस स्थानमा न्यानो आद्र शितोष्ण हावापानी तथा चिसो आद्र शितोष्ण हावा पानी पाइन्छ । यस प्रकारको हावापानी पाइने भुभागमा १० देखि २० डिग्री भन्दा कम औषत तापक्रम रहने गर्दछ । साथै उच्च पहाडी श्रृङ्खलाको कारण अधिक वर्षाको सम्भावना यस क्षेत्रमा रहन्छ । यस क्षेत्रमा बढी ओशिलो हुन गइ हिउँदमा तुसारा पर्ने सम्भावना रहन्छ ।

२.२.५. गा.वि.स.को अन्तर सम्बन्ध

सुर्खेत जिल्लाको गढी गाविसको अन्तर्सम्बन्ध विशेषगरी छिमेकी गाविसहरु कुनाथरी, लेखगाउँ लगायत सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालीकासंगँ बढी मात्रमा रहेको छ । यहांका मानिसहरु दैनिक जिविकोपार्जनका लागि वीरेन्द्रनगर नगरपालिका मा केन्द्रित हुन्छन् । यस ठाउंमा उत्पादित कृषिजन्य वस्तुहरुको बिक्री वितरणका लागि उपयुक्त बजार वीरेन्द्रनगर नै रहेको छ । यस गा.वि.स. बाट प्रति दिन २००० लि. सम्म दुध सुर्खेत उपत्यकामा भित्रीने गरेको छ । साथै यस गा.वि.स.को गोठीकाँडा डाँडा लाई पर्यटकीय क्षेत्रका रुपमा एक सम्भावित स्रोतका रुपमा लिइएको छ । हाल दैनिक ५० देखि १०० जना भन्दा बढी सुर्खेत उपत्यकाबाट त्यहाँ घुम्न भनेर जाने गरेको पाइन्छ ।

<u>२.२.६.श्रोत र सम्भावना</u>

गढी गा.वि.स. जिल्लाको सदरमकाम वीरेन्द्रनगर सँग नजिक रहेकोले विकासको राम्रो सम्भावना रहेको छ । गा.वि.स. मा रहेको खानेपानी को समस्यालाई सबै मिलेर समाधान गर्न सकियो भने यस गा.वि.स.ले पर्यटन क्षेत्रमा राम्रै विकास गर्न सक्ने देखिन्छ । व्यावसायिक पशुपालनको माध्यमबाट दुध तथा दुग्धजन्य पर्दाथको उत्पादन स्थानिय स्तरमा नै गर्न सकिन्छ । साथै सोतखोलाको पानीलाई उचित सदुपयोग गरी आधुनीक सहकारी खेती प्रणाली अवलम्बन गर्न सकिन्छ । वडा नं १ र २ को सामुदायिक वनमा टिमुर काउलो जस्ता जडिबुटि खेती गरी वन क्षेत्रबाट आम्दानी बढाउन सकिन्छ । यति हुदाँहुदै यस गा.वि.स.का केही जग्गाहरु किनबेचको क्रममा यहाँका स्थानिय वासिन्दाहरु अन्यत्र बसाँइ सरी जाने तर जग्गा खरिद गर्ने मानिसहरु यस गा.वि.स.मा बसोबास गर्न नआएको अवस्था सृजना भएकोले भएका जमिनहरु पनि बाँझो रहने र विकास ग्रामिण क्षेत्रका बस्तीहरु खाली हुन गइ विकास निर्माणको दृष्टिकोणबाट नकरात्मक असर पर्ने देखिन्छ । साथै गढी गा.वि.स.को आर्थिक समृद्धिका लागि एक बलियो आधारका रुपमा हेरिएको पर्यटन नै हो । सुर्खेत जिल्लाको एक नगरकोटका रुपमा चिनिने गोठीकाँडा डाँडाबाट उपत्यको सुन्दर दृश्यावलोकन का लागि र

पिकनिक साथै प्यारागलाइडिर को पनि एक बलियो सम्भावना रहेको छ । यस गा.वि.स.लाई पर्यटकीय क्षेत्रको रुपमा विकास गराउनका लागि एक रणनैतिक अध्ययन र योजनाको आवश्यकता महशुस गरिएको छ ।

परिच्छेद —तीन
जनसंख्या विवरण र प्रक्षेपण

३. आधारभुत तथ्या। विश्लेषण

गा.वि.स.को आधारभूत तथ्याङ्क तालिका

तालिका नं. १

वस्ती अनुसार घरपरिवार र जनसंख्या

वडा नं.	वस्तीको संख्या	वस्तीको कोड	वडा भित्र पर्ने वस्तीको नाम	जम्मा परिवार संख्या	जम्मा पुरुष संख्या	जम्मा महिला संख्या	जम्मा जनसंख्या	पुरुष घरमुली भएको परिवार	महिला घरमुली भएको परिवार	औषत परिवार संख्या
१	६	१	दर्नाकोट	२१	५९	४३	१०२	१९	२	४.८६
		२	दर्नाकोट स्कुलडाँडा	६	१३	१४	२७	५	१	४.५०
		३	सुनाखरी माथिल्लो टोल	८	२४	२१	४५	८	०	५.६३
		४	सुनाखरी तल्लो टोल	१५	३७	३८	७५	१३	२	५.००
		५	खर्क टोल	९	२३	१७	४०	९	०	४.४४
		६	तुसारे	६	१९	२३	४२	५	१	७.००
जम्मा				६५	१७५	१५६	३३१	५९	६	५.०९
२	६	१	चन्दने	२०	६६	५८	१२४	१६	४	६.२०
		२	रानिमत्ता	३	१२	९	२१	३	०	७.००
		३	रातानाङला	१४	३२	२९	६१	७	७	४.३६
		४	सिद्धपाइला	२	५	४	९	१	१	४.५०
		५	लादे	२५	६२	६१	१२३	१६	९	४.९२
		६	तल्लो रानिमत्ता	४५	१२०	१०९	२२९	३८	७	५.०९
जम्मा				१०९	२९७	२७०	५६७	८१	२८	५.२०
३	६	१	साल्डाडा	१०	४३	२९	७२	८	२	७.२०
		२	साल्डाडा	१०	३२	२५	५७	७	३	५.७०

		३	न्यालखोला (स्याउली	११	२३	३२	५५	११		५.००
		४	मेहेलपानी	१३	३३	३२	६५	१३		५.००
		५	मेहेलपानी	११	२२	२५	४७	१०	१	४.२७
		६	मेहेलपानी	१२	२९	३०	५९	१२		४.९२
जम्मा				**६७**	**१८२**	**१७३**	**३५५**	**६१**	**६**	**५.३०**
४	४	१	बाँसकोट	११	३७	४१	७८	७	४	७.०९
		२	सोतखोला	३६	८८	९२	१८०	३२	४	५.००
		३	पाखापानी	११	२४	२१	४५	१०	१	४.०९
		४	गोठीकाँडा	६८	१६२	१५७	३१९	५४	१४	४.६९
जम्मा				**१२६**	**३११**	**३११**	**६२२**	**१०३**	**२३**	**४.९४**
५	६	१	गाउँपानी	८	१४	१७	३१	६	२	३.८८
		२	राम्चे	१७	३८	३६	७४	१४	३	४.३५
		३	जरेपानी	११	२६	२२	४८	८	३	४.३६
		४	तल्लो बयलकाँडा	१७	२३	२५	४८	११	६	२.८२
		५	सेउलेटोल	१३	२६	३५	६१	९	४	४.६९
		६	माथिल्लो वयलकाँडा	४६	८६	८७	१७३	३५	११	३.७६
जम्मा				**११२**	**२१३**	**२२२**	**४३५**	**८३**	**२९**	**३.८८**
६	५	१	मल्लकाँडा	१०	२६	२१	४७	५	५	४.७०
		२	घोडिलास	१४	३५	३३	६८	११	३	४.८६
		३	गाउँपानी	१०	२४	२१	४५	९	१	४.५०
		४	माथिल्लो राम्चे	९	२२	२९	५१	७	२	५.६७
		५	तल्लो राम्चे	२९	७१	६३	१३४	२८	१	४.६२

जम्मा				७२	१७८	१६७	३४५	६०	१२	४.७९
७	४	१	मैकल	२८	६९	७७	१४६	२८	०	५.२१
		२	राम्रीकाँडा	५१	१४८	१३४	२८२	४७	४	५.५३
		३	जात्रालाग्ने	२	५	६	११	२	०	५.५०
		४	डोटेलकुवा	३	१०	६	१६	३	०	५.३३
जम्मा				८४	२३२	२२३	४५५	८०	४	५.४२
८	५	१	सल्लेरी	५	१८	१५	३३	३	२	६.६०
		२	भैसीटोल	५	१२	९	२१	४	१	४.२०
		३	तल्लो टोल	५	१५	१३	२८	५	०	५.६०
		४	काप्री खोला	५	९	१३	२२	५	०	४.४०
		५	माथिल्लो टोल (थाली)	६	१४	१९	३३	६	०	५.५०
जम्मा				२६	६८	६९	१३७	२३	३	५.२७
९	४	१	थाली	१२	४०	३९	७९	७	५	६.५८
		२	हात्तिखाल	४	१०	९	१९	३	१	४.७५
		३	देविस्थान	११	१९	२६	४५	१०	१	४.०९
		४	उदोखोला	१०	३१	२५	५६	५	५	५.६०
जम्मा				३७	१००	९९	१९९	२५	१२	५.३८
कुल जम्मा				६९८	१७५६	१६९०	३४४६	५७५	१२३	४.९४

स्रोत : आधारभूत घरधुरी सर्भेक्षण, २०७१

३.१.१. जनसांख्यिक अवस्था

यस गढी गा.वि.स.को हाल यस पार्श्वचित्र निर्माणका लागि गरिएको स्थलगत घरधुरी सर्भेक्षण को तथ्याँ अनुसार कुल जनसंख्या ३४४६ रहेको छ । जस्मा महिला १६९० जना र पुरुष १७५६ जना रहेको छ । त्यसै गरी हाल घर परिवार संख्या ६९८ रहेको छ । वि.सं. २०६८ को जनगणना अनुसार गढी गा.वि.स.को जनसंख्या ३०५० रहेको छ भने महिला को जनसंख्या १५७५ र पुरुषको जनसंख्या १४७५ रहेको छ । यसै गरी सोही अनुसार घरधुरी संख्या पनि ६८५ रहेको छ ।

तालिका नं २.

गढी गा.वि.सको जनसंख्या विवरण

जनसंख्या वर्ष र स्रोतहरु	लिर	जनसंख्या	घरधुरी
		संख्या	
२०६८ को जनगणना	महिला	१५७५	६८५
	पुरुष	१४७५	
	जम्मा	**३०५०**	
२०७१ को आधारभुत तथ्याँ संकलन(पार्श्वचित्र २०७१ का लागि)	महिला	१६९०	६९८
	पुरुष	१७५६	
	जम्मा	**३४४६**	

स्रोतः राष्ट्रिय जनगणना ०६८ के.त.वि, निर्वाचन आयोग र आधारभुत सुचना संकलन २०७० र २०७१

३.१.२. वडा अनुसारको जनसंख्या वितरण

समग्रमा गढी गा.वि.स.को जनसंख्या वितरणको स्थितीलाई हेर्ने हो भने यस गा.वि.स.को ९ वटै वडाहरुमा जनसंख्याको वितरणमा एकरुपता देखिदैन । सबै भन्दा कम जनसंख्या रहेको वडा नं ८ मा जम्मा घरधुरी २६ र जनसंख्या १३७ रहेको देखिन्छ । जसमा महिलाको जनसंख्या ६९ र पुरुषको ६८ जनसंख्या रहेको छ । त्यसै गरी सबै भन्दा बढी जनसंख्या वडा नं ४ मा रहेको छ जस्को घरधुरी संख्या १२६ र जनसंख्या ६२२ देखिएको छ । जस्मा महिला ३११ र पुरुषको संख्या पनि ३११ नै रहेको छ । यसरी गढी गा.वि.स.को जनसंख्यालाई हेर्दा यस गा.वि.स.को जनघनत्व २०६८ को जनगणना अनुसार १०६ प्रति वर्ग कि.मी. रहेको छ ।

तालिका नं ३

जनगणना २०६८ का अनुसार गढी गाविसको वडाअनुसार जनसंख्या विवरण

वडा नं.	कुल घरधुरी	जनसांख्यिक विवरण		
		जम्मा	पुरुष	महिला
१	६७	३३३	१६६	१६७
२	११३	५१८	२५५	२६३

वडा नं.	कुल घरधुरी	जनसांख्यिक विवरण		
		जम्मा	पुरुष	महिला
१	६७	३३३	१६६	१६७
३	६६	२८४	१४५	१३९
४	१३०	५५४	२६५	२८९
५	८८	३८६	१७४	२१२
६	६९	२९१	१४२	१४९
७	८५	३९१	१९०	२०१
८	२६	११४	५३	६१
९	४१	१७९	८५	९४
जम्मा	**६८५**	**३,०५०**	**१,४७५**	**१,५७५**

स्रोत : केन्द्रिय तथ्या। विभाग २०६८

यस गढी गा.वि.स.को वडा अनुसारको जनसंख्या हाल यस पार्श्वचित्रको निर्माणका क्रममा गरिएको आधारभुत घरधुरी सर्भेक्षण अनुसार निम्नानुसार रहेको छ

तालिका नं ४

वडा अनुसारको जनसंख्या वितरण

क्र.सं.	विवरण	वडाहरु									
		१	२	३	४	५	६	७	८	९	जम्मा
१	घरधुरी संख्या	६५	१०९	६७	१२६	११२	७२	८४	२६	३७	६९८
२	महिला	१५६	२७०	१७३	३११	२२२	१६७	२२३	६९	९९	१६९०
३	पुरुष	१७५	२९७	१८२	३११	२१३	१७८	२३२	६८	१००	१७५६

स्रोत : आधारभूत घरधुरी सर्भेक्षण, २०७१

३.१.३. जातजातिका आधारमा जनसंख्याको वितरण

आधारभुत सुचना तथा घरधुरी सर्भेक्षण २०७१ का अनुसार गढी गा.वि.स.मा सबै भन्दा बढी जनसंख्या जनजातिको रहेको छ। जस्मा १२८२ संख्या ३७.२ प्रतिशत रहेको छ। त्यसै गरी दोस्रो ठुलो जनसंख्या ब्राह्मण जातिको रहेको छ जस्को जनसंख्या १०९७ रहेको छ । यस गढी गा.वि.स.मा क्षेत्री जाति संख्याका आधारमा तेश्रो स्थानमा पर्दछ जस्को जनसंख्या ५७१ रहेको छ। साथै यस गा.वि.स.मा दलित जातिको पनि उल्लेख्य रुपमा बसोबास रहेको पाइन्छ। सो सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ५ (क)
जातजाति अनुसारको जनसंख्या विवरण

वडा नं.	ब्राह्मण जातिको जम्मा संख्या			क्षेत्री जातिको जम्मा संख्या			मगर जातिको जम्मा संख्या			सुनार जातिको जम्मा संख्या			ठकुरी जातिको जम्मा संख्या			कामी जातिको जम्मा संख्या		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
१	५८	४७	१०५	३५	३१	६६	३४	३५	६९	४१	३७	७८	७	६	१३			०
२	४३	४०	८३	५३	४७	१००	१६५	१५०	३१५			०	४	४	८			०
३	१४२	१४२	२८४	२१	१३	३४	१८	१८	३६			०			०			०
४	७५	७९	१५४	३०	२९	५९	१५१	१५३	३०४			०	३९	३४	७३	१०	१०	२०
५	६४	६२	१२६	४४	४६	९०	६६	६३	१२९	२६	३१	५७			०	३	७	१०
६	९९	९९	१९८	१४	१२	२६	५६	५२	१०८			०	३	१	४	६	३	९
७	४४	३९	८३	७८	७३	१५१	५०	४४	९४	३४	४३	७७			०			०
८			०			०	६८	६९	१३७			०			०			०
९	२९	३५	६४	२५	२०	४५	४६	४४	९०			०			०			०
जम्मा	५५४	५४३	१०९७	३००	२७१	५७१	६५४	६२८	१२८२	१०१	१११	२१२	५३	४५	९८	१९	२०	३९

तालिका नं ५ (ख)

गुरुङ्ग जातिको जम्मा संख्या			दमाई जातिको जम्मा संख्या			नेवार जातिको जम्मा संख्या			सार्की जातिको जम्मा संख्या			अन्य जातिको जम्मा संख्या			जम्मा संख्या		
पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
		०			०			०			०			०	१७५	१५६	३३१
२	३	५	१४	१२	२६			०			०	१६	१४	३०	२९७	२७०	५६७
		०			०	१	०	१			०			०	१८२	१७३	३५५
		०	२	४	६			०			०	४	२	६	३११	३११	६२२
		०	८	१२	२०			०	२	१	३			०	२१३	२२२	४३५
		०			०			०			०			०	१७८	१६७	३४५
१	२	३	२५	२२	४७			०			०			०	२३२	२२३	४५५
		०			०			०			०			०	६८	६९	१३७
		०			०			०			०			०	१००	९९	१९९
३	५	८	४९	५०	९९	१	०	१	२	१	३	२०	१६	३६	१७५६	१६९०	३४४६

स्रोत : आधारभुत घरधुरी सर्भेक्षण २०७१

जनगणना वर्ष २०६८ का अनुसार जातिगत रुपमा यस गढी गा.वि.स.को लैरिक बनोटका आधारमा निम्नानुसार जनसंख्याको विवरण रहेको छ ।

तालिका नं ६
गढी गाविसको जातिय र लैरिक बनौटको आधारमा जनसंख्या विवरण

जात जाती	कुल जनसंख्या	पुरुष	महिला
सबै जाती	३०५०	१४७५	१५७५
क्षेत्री	५२६	२६२	२६४
पहाडी ब्राह्मण	८९८	४३८	४६०
मगर	११७५	५७०	६०५
तामाङ	२२	१०	१२
कामी	२२१	९७	१२४
गुरुङ	१३	६	७
दमाइ	८६	४५	४१
ठकुरी	८३	३६	४७
अन्य	२६	११	१५

स्रोत : तथ्याँ विभाग क्षेत्रिय कार्यालय सुर्खेत

३.१.४.धर्मको आधारमा जनसंख्याको वितरण

गढी गा.वि.स.को पार्श्वचित्र २०७१ निर्माण गर्ने क्रममा प्राप्त जनसंख्या अवयव विवरणका आधारमा यस गा.वि.स.मा विभिन्न धर्ममान्ने मानिसहरुको संख्या पाइयो । यहाँ जम्मा ४ प्रकारका धर्म मान्ने समुदायको वसोबास रहेको छ । जस अनुसार सबै भन्दा धेरै हिन्दु धर्म मान्ने मानिसहरु २८७७ जना ८३.४८ प्रतिशत हिन्दु धर्म मान्ने समुदायको बाहसल्यता रहेको छ भने मान्ने ३४० जना ९.८ प्रतिशत क्रिश्चियन धर्म मान्ने समुदाय रहेको छ । साथै यस गा.वि.स. मा बौद्ध धर्म मान्ने मानिसहरुको संख्या २०५ जना ५.९ प्रतिशत रहेको छ । यस गा.वि.स.मा अन्य धर्म मान्ने मानिसहरुको संख्या न्युन संख्यामा बसोबास रहेको छ ।

तालिका नं ७
धर्मको आधारमा जनसंख्याको विवरण

वडा नं.	हिन्दु धर्म मान्ने संख्या		बौद्ध धर्म मान्ने संख्या		मुस्लीम धर्म मान्ने संख्या		क्रिष्चियन धर्म मान्ने संख्या		अन्य धर्म मान्ने संख्या		जम्मा संख्या	
	परिवार	जनसंख्या	परिवार	जनसंख्या	परिवार	जनसंख्या	परिवार	जनसंख्या	परिवार	जनसंख्या	परिवार	जनसंख्या
१	५७	२९१	०	०	०	०	८	४०	०	०	६५	३३१
२	९९	५१८	७	३२	०	०	३	१७	०	०	१०९	५६७
३	६५	३४४	०	०	०	०	२	११	०	०	६७	३५५
४	९०	४४७	२६	१३३	०	०	९	३९	१	३	१२६	६२२
५	१०३	३९०	२	८	०	०	४	१६	३	२१	११२	४३५
६	६३	३०८	०	०	०	०	९	३७	०	०	७२	३४५
७	६४	३२५	०	०	०	०	२०	१३०	०	०	८४	४५५
८	१५	८१	५	२६	०	०	६	३०	०	०	२६	१३७

९	३२	१७३	१	६	०	०	४	२०	०	०	३७	१९९
जम्मा	५८८	२८७७	४१	२०५	०	०	६५	३४०	४	२४	६९८	३४४६

स्रोत : घरधुरी सर्भेक्षण २०७१

३.१.५. उमेरगत समूह अनुसारको जनसंख्या विवरण

गढी गा.वि.स.को पार्श्वचित्र २०७१ निर्माण गर्ने क्रममा संकलित जनसंख्या तथ्याँ लाई विभिन्न उमेरगत समूहमा विभाजित गर्दा निम्मानुसारको तथ्याँ प्राप्त भएको छ । जस अनुसार पाँच वर्ष मुनिका बालबालिकाको संख्या **३३२** जना रहेको छ , ६ देखि १० वर्ष उमेर समूहमा **३९४** जना ११ देखि १५ वर्ष उमेर समूहमा **३९८** जना, १६ देखि २४ वर्ष उमेर समुहमा **६७५** जना, २४ देखि ४५ वर्ष उमेर समूहमा **९९६** जना, ४६ देखि ६० वर्ष उमेर समूहमा **४११** जना, ६० देखि ७५ वर्ष उमेर समूहमा **२०४** जना र ७५ वर्ष देखि माथि उमेरगत समूहको जनसंख्या **३६** जना रहेको पाइयो । यसरी यस गढी गा.वि.स.को जनसंख्यालाई उमेरगत समूहका आधारमा यस घरधुरी सर्भेक्षण अनुसार तुलना गर्दा सबै भन्दा धेरै जनसंख्या २४ देखि ४५ वर्ष उमेर समूहमा रहेको देखियो भने सबै भन्दा कम जनसंख्या ७५ वर्ष उमेर समूहमा रहेको पाइयो । यसरी हेर्दा गढी गा.वि.स.मा आश्रित जनसंख्या भन्दा सक्रिय जनसंख्याको बाहुल्यता रहेको पाइएको छ । उमेरगत समूहको जनसंख्याको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

उमेरगत समूह अनुसारको जनसंख्या विवरण
तालिका नं ८

वडा नं.	५ बर्ष सम्मका			६-१० बर्षका			११-१५ बर्षका			१६-२४ बर्षका			२५-४५ बर्षका			४५-६० बर्षका			६०-७५ बर्षका			७५ बर्षभन्दा माथि		जम्मा संख्या			
	बालक	बालिका	जम्मा	बालक	बालिका	जम्मा	केटा	केटी	जम्मा	केटा	केटी	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
१	१६	१२	२८	२२	१५	३७	२७	२४	५१	३२	३४	६६	५२	४६	९८	१५	१७	३२	१०	६	१६	१	२	३	१७५	१५६	३३१
२	२६	२७	५३	३५	३४	६९	३७	३३	७०	६७	४३	११०	७९	७८	१५७	२९	३४	६३	२३	१८	४१	१	३	४	२९७	२७०	५६७
३	१५	२१	३६	२३	२१	४४	१७	१८	३५	३८	३३	७१	५४	५३	१०७	२४	२४	४८	९	३	१२	२	०	२	१८२	१७३	३५५
४	२७	२९	५६	३४	३७	७१	३३	३७	७०	६५	५९	१२४	१०१	८७	१८८	२७	३५	६२	२१	२३	४४	३	४	७	३११	३११	६२२
५	१९	१८	३७	२१	२८	४९	२०	२४	४४	५०	४७	९७	६२	५७	११९	२६	३४	६०	१३	९	२२	२	५	७	२१३	२२२	४३५
६	२३	१२	३५	१७	११	२८	१८	२३	४१	३६	४१	७७	४६	४०	८६	२३	३०	५३	१३	८	२१	२	२	४	१७८	१६७	३४५
७	२७	२९	५६	३३	३१	६४	२७	२५	५२	३५	३८	७३	६६	६२	१२८	२९	२६	५५	१३	१०	२३	२	२	४	२३२	२२३	४५५
८	५	४	९	५	३	८	७	८	१५	१४	१४	२८	१९	२३	४२	१२	९	२१	५	७	१२	१	१	२	६८	६९	१३७
९	९	१३	२२	१४	१०	२४	९	११	२०	१५	१४	२९	३५	३६	७१	९	८	१७	६	७	१३	३	०	३	१००	९९	१९९
जम्मा	१६७	१६५	३३२	२०४	१९०	३९४	१९५	२०३	३९८	३५२	३२३	६७५	५१४	४८२	९९६	१९४	२१७	४११	११३	९१	२०४	१७	१९	३६	१७५६	१६९०	३४४६

स्रोत : आधुरभुत घरधुरी सर्भेक्षण २०७१

३.१.६. भाषाको आधारमा जनसंख्याको विवरण

नेपाली भाषालाई राष्ट्र भाषा माने पनि नेपालमा विभिन्न भाषाहरु राष्ट्रिय भाषाका रुपमा प्रचलित छन् । यस गा.वि.स.मा जनजातिहरुको बाक्लो उपस्थिती देखिए पनि उनिहरुको खास आफ्नो मातृभाषा खास्सै उल्लेख्य रुपमा प्रचलनमा रहेको पाइएन । यसरी हेर्दा गढी गा.वि.स.मा धेरै जसो मानिसहरुले मातृभाषाका रुपमा नेपाली भाषा बोल्ने गरेको पाइएको छ । भने सबै भन्दा कम जनसंख्या शेर्पा मातृभाषा बोल्नेको संख्या रहेको पाइएको छ । यस गा.वि.स.को मातृभाषाका आधारमा जनसंख्याको विस्तृत विवरण निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका नं ९
भाषाको आधारमा जनसंख्याको वितरण

वडा नं.	नेपाली मातृभाषा बोल्ने संख्या			मगर मातृभाषा बोल्ने संख्या			खाम मातृभाषा बोल्ने संख्या			शेर्पा मातृभाषा बोल्ने संख्या			जम्मा संख्या		
	परिवार	जनसंख्या		परिवार	जनसंख्या		परिवार	जनसंख्या		परिवार	जनसंख्या		परिवार	जनसंख्या	
		पुरुष	महिला		पुरुष	महिला		पुरुष	महिला		पुरुष	महिला		पुरुष	महिला
१	६५	१७५	१५६										६५	१७५	१५६
२	१०४	२८८	२६३	१	२	१				४	७	६	१०९	२९७	२७०
३	६७	१८२	१७३										६७	१८२	१७३
४	१२४	३०७	३०९				२	४	२				१२६	३११	३११
५	१०३	१८७	१९६	९	२६	२६							११२	२१३	२२२
६	६८	१६९	१६०	४	९	७							७२	१७८	१६७
७	८४	२३२	२२३										८४	२३२	२२३
८	२६	६८	६९										२६	६८	६९
९	३७	१००	९९										३७	१००	९९
जम्मा	**६७८**	**१७०८**	**१६४८**	**१४**	**३७**	**३४**	**२**	**४**	**२**	**४**	**७**	**६**	**६९८**	**१७५६**	**१६९०**

स्रोत : केन्द्रिय तथ्याI विभाग प्रतिवेदन

३.१.७. भिन्न शारिरीक तथा मानसिक क्षमता भएका व्यक्तिहरुको जनसंख्याको विवरण

आधारभूत घरधुरी सर्भेक्षण २०७१ का आधारमा यस गढी गा.वि.स.मा भिन्न शारिरीक तथा मानसिक क्षमता भएका व्यक्तिहरुको जम्मा संख्या १५८ रहेको छ। जस्मा महिला ६९ जना र पुरुष ८९ जना रहेको छ।

तालिका नं १०

भिन्न शारिरीक तथा मानसिक क्षमता भएका व्यक्तिहरुको जनसांख्यिक विवरण

वडा नं.	शारीरिक अपांग वा विकलाङ्ग			दृष्टिविहिन र न्यून दृष्टिविहिन			स्वर वोलाई वा वोल्न नसक्ने			सुस्त श्रवण			वौद्धिक अपांग सुस्त मनस्थिति			श्रवण दृष्टिविहिन			जम्मा		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा

१	०	२	२	०	०	०	०	१	१	०	१	१	०	०	०	०	०	०	०	४	४
२	५	१३	१८	१	०	१	०	०	०	१	०	१	२	०	२	०	०	०	९	१३	२२
३	१	१	२	२	०	२	०	०	०	०	१	१	०	०	०	०	०	०	३	२	५
४	१६	१९	३५	३	५	८	३	३	६	८	११	१९	०	२	२	०	०	०	३०	४०	७०
५	२	६	८	२	१	३	२	१	३	०	०	०	१	२	३	०	०	०	७	१०	१७
६	०	३	३	१	१	२	४	३	७	०	०	०	१	०	१	०	०	०	६	७	१३
७	३	५	८	१	०	१	०	०	०	०	०	०	०	०	०	०	०	०	४	५	९
८	१	१	२	०	०	०	१	१	२	२	४	६	१	०	१	०	०	०	५	६	११
९	४	०	४	१	१	२	०	१	१	०	०	०	०	०	०	०	०	०	५	२	७
जम्मा	**३२**	**५०**	**८२**	**११**	**८**	**१९**	**१०**	**१०**	**२०**	**११**	**१७**	**२८**	**५**	**४**	**९**	**०**	**०**	**०**	**६९**	**८९**	**१५८**

स्रोतः आधारभूत घरधुरी सर्भेक्षण २०७१

३.२. व्यक्तिगत घटना दर्ता

३.२.१. जन्म दर्ता

व्यक्तिगत घटना भन्नाले जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद गरी पाँच घटनाहरुलाई जनाउँछ । यस्ता घटनाहरु घटेको ३५ दिन भित्र स्थानिय पंजिकाधिकारीको कार्यालय गाविस वा नगरपालिकामा गइ दर्ता गर्न सबै नागरिकको अधिकार र कर्तव्य भित्र पर्दछ । यिनै घटनाहरुको अभिलेखिकरणका लागि स्थानिय पंजिकाधिकारीको कार्यालयमा गरिने दर्तालाई व्यक्तिगत घटना दर्ता भनिन्छ । यिनै घटनाहरु मध्ये जन्म दर्ताको एक हो । यस जन्म दर्ता को महत्वका बारेमा जनमानसमा सकारात्मक सोच रहेको भएता पनि यस अघि भने जन्म दर्तालाई खासै महत्व दिने चलन थिएन । हाल बच्चा जन्मेको ३५ दिन भित्र जन्मदर्ता गर्ने प्रचलन रहेको छ । र हाल जन्म दर्तालाई बालबालिकाको अधिकारको रुपमा लिने गरिएको छ । यस गढी गा.वि.स.को कार्यालयमा पनि जन्म दर्ता गर्नेहरुको संख्या दिनानुदिन बढीरहेको पाइन्छ । सो सम्बन्धी विस्तृत विवरण तलको तालिका उल्लेख गरिएको छ ।

तालिका नं.१२
जन्म दर्ता सम्बन्धी विवरण

वडा नं.	जन्म दर्ता संख्या					
	कुल संख्या			जातिगत संख्या		
	केटा	केटी	जम्मा	दलित	जनजाति	अन्य
१	८	१२	२०			२०
२	९	९	१८			१८
३	५	१	६			६
४	१०	११	२१			२१
५	१४	१३	२७			२७
६	१२	८	२०			२०
७	९	१४	२३			२३
८	२	२	४			४
९	५	१	६			६
जम्मा	**७४**	**७१**	**१४५**	**०**	**०**	**१४५**

स्रोत : गाविस प्रतिवेदन गढी २०७१

३.२.२. मृत्यु दर्ता

मृत्यु दर्ता व्यक्तिगत घटनाको अर्को महत्वपूर्ण पाटो हो । र असल नागरिकको कर्तव्य पनि हो । राज्यका विभिन्न सेवा सुविधाको लेखाजोखा र जनसंख्याको तथ्यांक संकलनको सहयोगका लागि पनि मृत्यु दर्ता निकै आवश्यक रहेको छ । तर जन्म दर्ता जति मृत्यु दर्तालाई ध्यान दिइएको पाइदैन । साथै यस गढी गा.वि.स.मा पनि कतिपय मानिसहरुले मृत्यु दर्तालाई त्यति ध्यान दिएको पाइदैन । तर राज्यले व्यक्तिगत घटना सम्बन्धी विविध खाले चेतनामुलक कार्यक्रमहरु संचालन गरेकोले मृतकका आफन्तहरुले मृत्युदर्ता गर्ने गरेको पाईको छ । सो सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.१३
मृत्यु दर्ता सम्बन्धी विवरण

वडा नं.	मृत्यु दर्ता संख्या					
	कुल संख्या			जातिगत संख्या		
	महिला	पुरुष	जम्मा	दलित	जनजाति	अन्य
१			०			०
२	२	२	४	१	२	१
३			०			०
४	२	१	३		२	१
५	३	३	६	१	४	१
६	१	४	५		३	२
७	३	३	६	१	२	३
८		१	१		१	०
९	२		२	१		१
जम्मा	**१३**	**१४**	**२७**	**४**	**१४**	**९**

स्रोत : गाविस प्रतिवेदन गढी २०७१

३.२.३. विवाह ,सम्बन्ध विच्छेद र बसाइसराइ दर्ता

व्यक्तिगत घटना दर्ताको अर्को महत्वपूर्ण पाटो विवाह दर्ता हाल आएर कानुनी वैद्यताका लागि यस गढी गाविसमा पनि धेरैजसो जोडीहरुले विवाह दर्ता गर्ने गरेको पाइन्छ । पहिले पहिले विवाह दर्तालाई खास्सै धेरै महत्व दिने गरिएको थिएन । साथै यस गाविस बाट बसाइसरी बाहिर जाने र बाहिरबाट भित्र आउनेहरुले पनि बसाइसराइ दर्ता गने गरेको पाइएको छ । सो सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १४

वडा नं.	विवाह दर्ता				सम्बन्ध विच्छेद दर्ता				वसाई सराई दर्ता		
	(जोडी)				(जोडी)				(परिवार)		
	दलित	जनजाति	अन्य	जम्मा	दलित	जनजाति	अन्य	जम्मा	आएको	गएको	जम्मा
१			३	३				०	१	४	५
२		७		७				०	५	३	८
३		१	२	३				०	१	१	२
४		३	१	४				०	१	४	५
५	५	२	२	९				०	१	५	६
६	१	२	३	६				०		३	३
७	३	२	५	१०				०			०
८		१		१				०			०
९				०				०			०
जम्मा	**९**	**१८**	**१६**	**४३**	**०**	**०**	**०**	**०**	**९**	**२०**	**२९**

स्रोत : गाविस प्रतिवेदन गढी २०७१

३.२.४. वालविवाहको अवस्था

अठार वर्ष उमेर नपुगेका बालक वा बालिका बीच हुने विवाहलाई बाल विवाह भनिन्छ । अठार वर्ष उमेर नपुगेका बालक र बालिका आफैँले राजिखुसीले अथवा आमाबुवा वा अभिभावकको स्वीकृतिमा विवाह गरे भने पनि त्यस्तो विवाहलाई बाल विवाह नै मानिन्छ । जनचेतनाको अभाव र परम्परावादी रुढीग्रस्त सोचाइका कारण नेपाली समाजमा बालविवाह निकै प्रचलनमा रहेको पाइन्छ । हाल आएर विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको सक्रियतामा विभिन्न वालविवाह विरुद्ध र वालविवाह न्युनिकरणका लागि चेतनामूलक अभियान तथा कार्यक्रमहरु संचालन गरिदै आएकाले पहिले भन्दा हाल आएर वालविवाह गर्नेहरुको संख्यामा कमी आइरहेको पाइन्छ । वाल विवाहले वालअधिकार सम्बन्धी अर्न्तराष्ट्रिय महासन्धी १९८९ ले बालबालिकालाई प्रदान गरेको अधिकारहरुको प्रत्यक्ष रुपमा उल्लंघन गरेको हुन्छ । वालविवाहलाई नेपाली समाजले सामान्य रुपमा स्वीकार गरेको अवस्था हो । तर कलिलै उमेरमा विवाह बन्धनमा बाँधीएका हाम्रा बालबालिकाको जीवन अन्धकारमा रुमलिरहेको र हजारौँको ज्यान अकालमा जाने गरेको यर्थातता पनि हामी माझ रहेको छ । हाल नेपालमा ३४ प्रतिशत विवाह १५ वर्ष नपुगेका बालबालिकाको हुने गर्दछ र ती बालबालिकाहरु कष्टकर जिवन विताउन बाध्य भइरहेका छन् । बाल विवाह लैंगिक हिंसाको एक रुप हो । शारिरीक तथा मानसिक अवस्थाको तीव्र विका हुने उमेरमा विवाह गर्दा यसले बालिकाको क्षमता विकासमा नकरात्मक असर गर्दछ साथै अन्य अवसरहरुबाट बञ्चित गराइ उनिहरुको जीवनको समग्र विकासमा अवरोध उत्पन्न हुन पुग्दछ । त्यसैले सानै उमेरमा विवाह गर्नु बालअधिकारको गम्भीर उल्लंघन हो । यस गढी गा.वि.स.मा पनि बालविवाह गर्ने प्रचलन रहको पाइएको छ । परम्परावादी सोच र साथीको लहैलहैका कारण यस गा.वि.स.मा वालविवाह हुने गरेको पाइएको छ । सबैभन्दा धेरै वालविवाह यस गा.वि.स.को वडा नं ४ मा हुने गरेको तलको तथ्यांकले जनाएको छ भने बालविवाह पूर्ण रुपमा उन्मुलन र हुदै नभएको वडा नं १ रहेको छ ।

तालिका नं १५

गढी गा.वि.स.मा बालविवाहको विवरण

वडा नं.	१४ वर्षभन्दा कम उमेरमा विवाह गरेका संख्या			१५ देखि १९ वर्ष उमेर समूहमा विवाह गरेका संख्या			जम्मा संख्या		
	वालक	वालिका	जम्मा	वालक	वालिका	जम्मा	वालक	वालिका	जम्मा
१	०	०	०	०	०	०	०	०	०
२	०	०	०	१६	२०	३६	१६	२०	३६
३	०	०	०	१९	२५	४४	१९	२५	४४
४	४	२४	२८	४१	६०	१०१	४५	८४	१२९
५	१	१	२	२४	२७	५१	२५	२८	५३
६	३	१५	१८	३१	४७	७८	३४	६२	९६
७	१	१	२	६	३	९	७	४	११
८	०	०	०	१७	१९	३६	१७	१९	३६
९	०	०	०	१३	२४	३७	१३	२४	३७
जम्मा	९	४१	५०	१६७	२२५	३९२	१७६	२६६	४४२

स्रोत : आधारभुत घरधुरी सर्भेक्षण २०७१

परिच्छेद – चार
सामाजिक विकास

४.१.स्वास्थ्य

४.१.१. स्वास्थ्य सेवाको पहुँच

गुणस्तरिय जीवनका लागि असल स्वास्थ्यको महत्वपूर्ण भूमिका रहेको हुन्छ । मानिसहरु स्वस्थ र स्वच्छ रहन सके मात्र उनिहरुको अन्य विकास सम्भव हुन सक्छ । तर मानिसहरुलाई स्वस्थ र स्वच्छ बातावरण सिर्जना गर्नका लागि शिक्षा र चेतनाको आधारभुत आवश्यकता जरुरी हुन्छ । समुदायका मानिसहरुमा भएको परम्परागत स्वास्थ्य सम्बन्धी ज्ञान र जानकारीले सुदृढ र प्रभावकारी बनाउँदै समुदायको चेतना अभिवृद्धि गरी सामुदायिक सरसफाइ वातावरण तथा मानव स्वास्थ्यको प्रभावकारी रुपमा सबल बनाउँदै लैजानु पर्ने पहिलो दायित्व भने कुनै पनि समुदायको जिम्मेवार निकाय को नै हुन्छ ।

ग्रामीण क्षेत्रका स्वास्थ्य संस्थाहरुको हकमा नेपाल सरकारले प्रत्येक गा.वि.स.मा स्वास्थ्य संस्था स्थापना गर्ने नीतिअनुसार सुर्खेत जिल्लाको प्रत्येक गा.वि.स.र क्षेत्रमा स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकीहरु स्थापना गरिएका छन् । स्वास्थ्य उपचारका लागि यस गा.वि.समा गढी स्वास्थ्य चौकी रहेको छ । र यस स्वास्थ्य चौकीमा उपलब्ध जनशक्ति वा कर्मचारीको संख्या ७ रहेको छ ।

गढी गा.वि.सको स्वास्थ्य चौकीमा प्रत्येक दिन कम्तीमा ५० जना बिरामीहरुको संख्या उपचारका लागि आउने गरेको छन् । परम्परावादी औषधीपचारको विधिलाई पनि अँगाल्ने केहि मानिसहरुको संख्या रहेता पनि सहरीकरणको बढ्दो प्रभावले हाल मानिसहरु स्वास्थ्यउपचार तिर बढी केन्द्रित भएको पाइन्छ र यस स्वास्थ्य चौकीले सुरक्षित मातृत्व, नियमित खोप, साधारण रोगी बिरामी, दिर्घ रोगीहरुलाई औषधोपचार, प्रजनन सेवा, परिवार नियोजन लगायतका सेवाहरु प्रदान गर्दै आएको छ । तर बढ्दो जनसंख्या र सिमित जनशक्तिका कारण पर्याप्त मात्रामा भने स्वास्थ्य उपचारको व्यवस्था हुन सकेको छैन ।

बढ्दो जनसंख्याको अत्यधिक चाप र सिमित स्रोत साधनका कारण पर्याप्त मात्रामा स्वास्थ्य सेवा प्राप्त गर्न सकिरहेका छैनन् । दक्ष जनशक्ति, उचित र उपयुक्त स्रोत साधनको कमी जस्ता अभावका कारण सानो तिनो विरामी भएमा पनि सदरमुकाम नै धाउनु पर्ने बाध्यता रहेको छ । यस गाविसका मानिसहरुको आवश्यकता र चाहना दक्ष डाक्टर, औषधोपचारका पर्याप्त सामाग्रीको उपलब्धता नै मुख्य स्वास्थ्य केन्द्र माथि रहेको पाइएको छ । र यस्का लागि सम्बन्धीत सरोकारवालाहरुले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । किनकी स्वास्थ्य सेवा निकै संवेदनशिल र अत्यावश्यकीय सेवा वा पूर्वाधारका रुपमा रहेको हुन्छ । हाल यस गढी गाविसमा नीजि स्वास्थ्य सेवा केन्द्र वा अस्पतालहरु खुल्ने क्रम पनि जारी रहेको छ जस्ले स्थानिय जनताको स्वास्थ्य उपचारमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका भएपनि निम्न आय स्तर हुनेहरुका लागि नीति स्वास्थोपचार खर्चिलो र महंगो हुने गरेको स्थानिय जनताको गुनासो रहेको छ । स्वास्थ्य को चेतनाको स्तर वृद्धि सँगै स्वास्थ्य सेवा उपचारका लागि पहिलो सेवा प्राप्त गर्न विरामीहरु धेरैजसो स्वास्थ्य संस्था नै जाने गरेको पाइएको छ । साथै केही केही भने धामी झाँक्रीकहाँ पनि जाने गरेको पाइएको छ । सो सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं १६

स्वास्थ्य सेवा, उपचारका लागि पहिलो सेवा प्राप्त गर्न जाने विवरण र स्वास्थ्य चौकी जान लाग्ने समय सम्बन्धी विवरण

वडा नं.	लामा, धामी झाँक्री	स्वास्थ्य संस्था				नजिकको स्वास्थ्य चौकी रहेको स्थान	स्वास्थ्य चौकी जान लाग्ने समय				नजिकको अस्पताल रहेको स्थान	अस्पतालसम्म पुग्न लाग्ने समय (घण्टा)
		स्वास्थ्य चौकी	अस्पताल (निजी)	अस्पताल (सरकारी)	अन्य		१५ मिनेट भन्दा कम	३० मिनेट भन्दा कम	६० मिनेट भन्दा कम	६० मिनेट भन्दा बढी		
१	०	६५	०	०	०	गोठीकाडाँ	०	०	०	६५	वीरेन्द्रनगर	४ घण्टा
२	१४	५०	२३	२२	०	गोठीकाँडा	०	२	३	१०४	विरेन्द्रनगर	४ घण्टा
३	१	३४	१८	१३	१	गोठीकाँडा	३	२४	३४	६	विरेन्द्रनगर	२ घण्टा
४	५	११७	३	०	१	गोठीकाँडा	५८	२१	३०	१७	विरेन्द्रनगर	१ घण्टा ३० मि·
५	१५	८७	१०	०	०	गोठीकाँडा	०	०	५८	५४	वीरेन्द्रनगर	३ घण्टा
६	०	६५	०	७	०	गोठिकाँडा	०	१०	६२	०	वीरेन्द्रनगर	
७	०	८४	०	०	०		०	०	५३	३१		
८	०	२६	०	०	०	लेखगाउँ	०	०	०	२६	वीरेन्द्रनगर	२ घण्टा
९	८	२९	०	०	०	गढी	०	०	०	३७	वीरेन्द्रनगर	४
जम्मा	४३	५५७	५४	४२	२		६१	५७	२४०	३४०		

स्रोत : आधारभूत तथ्यांक संकलन २०७१

४.१.२. दिर्घ रोग सम्बन्धी विवरण

तालिका नं १७

वडा नं.	एच.आई.भी/एड्स रोगीको संख्या			मलेरिया हुनेको संख्या	क्षयरोग हुनेको संख्या	क्यान्सर रोग लागेका संख्या	चिनी रोग लागेका संख्या	पक्षघात भएका संख्या	मानसिक रोग लागेका संख्या	छुरे रोग लागेका संख्या	नसा रोग लागेका संख्या	अन्य रोग लागेका संख्या	जम्मा संख्या
	१५ वर्षभन्दा कम उमेरका	१५ देखि २४ वर्षसम्म	२५ वर्षभन्दा माथिका										
१	०	०	०	०	०	१	१	०	१	१			४
२	०	०	०	०	०	०	७	५				२०	३२
३	०	०	०	०	०	०	३	०					३
४	०	०	०	१	१	०	३	५				८३	९३
५	०	०	०	०	०	०	१	०				२	३
६	०	०	०	०	०	०	१	०				४	५
७	०	०	०	०	०	०	०	०					०
८	०	०	०	०	०	०	१	१			१	३	६
९	०	०	०	१	०	०	०	०			३	१	५
जम्मा	०	०	०	२	१	१	१७	११	१	१	४	११३	१५१

स्रोत : आधारभूत तथ्यांक संकलन २०७१

४.१.३. मृत्यु (विगत ५ वर्ष को विवरण)

तालिका नं १८

विभिन्न रोग तथा दुर्घटनाले मृत्यु हुने को विवरण

वडा नं.	एड्सले मृत्यु हुनेको संख्या	मलेरियाले मृत्यु हुनेको संख्या	क्षयरोगले मृत्यु हुनेको संख्या	क्यान्सरले मृत्यु हुनेको संख्या	चिनी रोगले मृत्यु हुनेको संख्या	पक्षघात भएर मृत्यु हुनेको संख्या	दुर्घटनाले मृत्यु हुनेको संख्या	आत्म हत्या गर्नेको संख्या	अन्य ले मृत्यु हुनेको संख्या	जम्मा संख्या
१	०	०	०	०	०	०	०	०	०	०
२	०	०	०	०	०	०	०	१	०	१
३	०	०	०	०	०	०	०	०	०	०
४	०	०	०	०	०	०	०	१	१	२
५	०	०	०	०	०	०	०	०	०	०
६	०	०	०	०	०	०	०	१	०	१
७	०	०	०	०	०	०	०	०	०	०
८	०	२	१	१	०	०	०	०	०	४
९	०	१	०	०	०	०	०	०	१	२
जम्मा	०	३	१	१	०	०	०	३	२	१०

स्रोत : आधारभूत तथ्यांक संकलन २०७१

४.१.४.परिवार नियोजन

परिवार नियोजनका साधनले अनियन्त्रित रुपमा हुने जनसंख्या वृद्धि रोक्न र आमाको स्वास्थ्यमा सहयोग पुऱ्याउने कार्य गर्दछ । यस गढी गा.वि.स.मा पनि परिवार नियोजनका स्थायी तथा अस्थायी साधनहरुको प्रयोग गर्नेहरुमा महिलाको नै बाहुल्यता रहेको पाइएको छ साथै पुरुषको संख्या पनि महिलाको नजिक नजिक रहेको छ । तर स्थायी साधनहरुको प्रयोग गर्नेमा भने महिला भन्दा पुरुषहरुको संख्या नै बढी रहेको पाइएको छ भने अस्थायी साधनको प्रयोगमा महिलाको संख्या नै बढी रहेको पाइएको छ । साथै नियमीत गर्भजाँच, टिटी खोप लगाउने र आइरन चक्की लिने महिलाहरुको संख्या पनि अधिकतम रहेको पाइएको छ । र धुलो खुल्ला नुनको प्रयोग गर्ने भन्दा पाकेटको आयोडिन युक्त नुन प्रयोग गर्ने मानिसहरुको संख्या बढी रहेको छ । यस गा.वि.स.को परिवार नियोजन तथा अन्य स्वास्थ्य चेतनाको अवस्थालाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं १९
परिवार नियोजन अन्य स्वास्थ्य चेतनाको अवस्था

वडा नं.	घरधुरी संख्या	परिवार नियोजनको साधन प्रयोग गर्ने						स्थायी तथा अस्थायी परिवार नियोजनको साधन प्रयोग गर्ने कूल संख्या			एच.आई.भि./एड्स्स् वारे जानकारी		नियमित गर्भ जांच गराउने		टी.टी. खोपको मात्रा पुरा लगाएको महिला		आइरन चक्की लिने महिला		नुनको प्रयोग	
		स्थायी			अस्थायी															
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	भएको	नभएको	छ	छैन	छ	छैन	छ	छैन	धुलो खुल्ला नुन	आयोडिन युक्त
१	६५	१२	१९	३१	८	१	९	२०	२०	४०	२६६	१६२	५	०	५	०	५	०	७	५८
२	१०९	३०	२०	५०	१०	५	१५	४०	२५	६५	२३९	२८४	६१	४६	५९	४७	५९	४७	७	१०२
३	६७	३०	१२	४२	१३	७	२०	४३	१९	६२	४७	९	३	०	३	०	३	०	३	६४
४	१२६	३०	२६	५६	२१	२	२३	५१	२८	७९	३६३	२५४	८८	१०५	१००	७१	९५	७६	१५	१११
५	११२	५	३८	४३	२०	७	२७	२५	४५	७०	९३	३	६२	२९	७४	१८	६५	२५	२२	९०
६	७२	८	१५	२३	३	१६	१९	११	३१	४२	१६४	१७५	२	०	८४	४९	७	२९	१२	६०
७	८४	१०	४०	५०	३२	०	३२	४२	४०	८२	९	७६	३८	२४	९२	०	१७	५२	४	८०
८	२६	१	९	१०	७	३	१०	८	१२	२०	२४	२	३	२३	३	२३	३	२३	२	२४
९	३७	७	५	१२	६	२६	३२	१३	३१	४४	३५	२	०	०	०	०	०	०	११	२६
जम्मा	६९८	१३३	१८४	३१७	१२०	६७	१८७	२५३	२५१	५०४	१२४०	९६७	२६२	२२७	४२०	२०८	२५४	२५२	८३	६१५

स्रोत : आधारभूत तथ्यांक संकलन २०७१

४.२. शिक्षा

मानवीय विकासको मुख्य आधारस्तम्भ शिक्षा नै भएकोले यसको विकास र पहुँच जनताका लागि अनिवार्य नै भइसकेको छ । राज्यले प्रत्येक जनता शिक्षाको उज्यालो ज्योतीबाट बञ्चित नहुन भन्ने मूल उद्देश्यका साथ र जनतालाई आफ्नै प्रयासमा शिक्षा आर्जनका लागि यस गढी बयलकाँडा गा.वि.स.मा पनि सामुदायिक, सरकारी विद्यालय र नीजि शैक्षिक संस्थाहरु स्थापना गरी शैक्षणिक क्रियाकलापहरु संचालन गरिरहेका छन् । हाल गढी बयलकाँडा गा.वि.स.मा १ वटा मा.वि. र २ वटा नि.मावि साथै ४ वटा प्रा.वि हरु रहेका छन् । र यस गा.वि.स.का शैक्षिक संस्थाहरुमा औषतमा १ हजार भन्दा बढी विद्यार्थीहरु अध्ययनरत रहेका छन् । अंग्रेजी भाषालाई वृद्धि विकास गर्ने उद्देश्यका साथ नीजि शैक्षिक संस्थाहरु का हिसाबमा एक वटा बोर्डिङको पनि स्थापना गरिएको छ । गुणस्तरिय शिक्षाका लागि सम्पूर्ण सरोकारवालाहरु एकजुट भएर लाग्नुपर्ने स्थानिय जनताको चासो र चाहना रहेको छ । त्यसका लागि सम्बन्धीत निकाय , सरकार, राजनैतिक दल र बुद्धिजीवि अभिभावकहरुले सामूहीक प्रयास गर्नुपर्ने आवश्यकता रहेको छ ।

तालिका २०
गढी गा.वि.स.मा रहेका विद्यालयहरुको अवस्था

स्रोतहरु	परिमाण	वर्तमान अवस्था (वडा)								
		१	२	३	४	५	६	७	८	९
विद्यालय	७	निमावि १	प्रावि २	प्रावि १	मावि १	प्रावि १		निमावि १		
नीजि विद्यालय					प्रा वि १					
सामुदायिक अध्ययन केन्द्र					१					

बालविकास केन्द्र देखि मा.वि. सम्म गरी जम्मा १४५० जना बालबालिका र विद्यार्थीहरु अध्ययन गरिरहेका छन् । ग्रामीण भौगोलिक विकटतालाई मध्येनजर गर्दै सहजै शिक्षा हाँसील गर्ने हेतुले विभिन्न वडाको पाइक पर्ने ठाउँमा विद्यालयको पहँच उच्च मा.वि. सम्म पुऱ्याउनु पर्ने र गुणस्तरिय र व्यावहारिक शिक्षाका लागि दक्ष जनशक्ति आवश्यक रहेको यहाँका जनताको शैक्षिक आशा र आवश्यकता रहेको देखिन्छ ।

तालिका नं २१
शैक्षिक संस्थाहरुको विवरण

सि.नं	विद्यालयको नाम	तह	वडा नं	कैफियत
१	श्री भैरव निम्न माध्यामिक विद्यालय,	निमावि	७	सरकारी
२	श्री सिद्ध माध्यामिक विद्यालय,	मावि	४	सरकारी
३	श्री महाकाली प्राथमिक विद्यालय,	प्रावि	१	सरकारी
४	सरस्वती प्राथमिक विद्यालय,	प्रावि	२	सरकारी
५	श्री गंगा निम्न माध्यामिक विद्यालय,	निमावि	१	सरकारी
६	श्री नोपाल राष्ट्रिय प्राथमिक विद्यालय,	प्रावि	५	सरकारी
७	श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय,	प्रावि	३	सरकारी

स्रोतः आधारभुत घरधुरी सर्भेक्षण २०७१

४.२.१. साक्षरताको अवस्था

जनगणना वर्ष २०६८ का अनुसार यस गढी गा.वि.स.को साक्षरता दर ६८.०४ प्रतिशत रहेको छ । निम्नानुसार रहेको छ ।

तालिका २२
साक्षरता दर

गढी	५ वर्ष वा सो भन्दा बढी उमेरको जनसंख्या	जनसंख्या			साक्षरता उल्लेख नभएको	साक्षरता दर
		पढ्न र लेख्न सक्ने	पढ्न मात्र सक्ने	पढ्न र लेख्न नसक्ने		
जम्मा	२,७८५	१,८९५	१५६	७३३	१	६८.०४
पुरुष	१,३३२	१,०३८	६३	२३१	०	७७.९३
महिला	१,४५३	८५७	९३	५०२	१	५८.९८

स्रोत : केन्द्रिय तथ्यांक विभाग २०६८

तालिका नं २३

गढी गा.वि.स.को हालको शैक्षिक अवस्था

वडा नं.	साक्षरता > ६ वर्ष उमेर)						अध्ययनरत तह					उर्तीण तह											
	साक्षर			निरक्षर								प्रावि भन्दा कम		प्रा.वि.		नि.मा.वि		मा.वि.		उ.मा.वि		क्याम्पस	
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	प्रा.वि.	नि.मा.वि	मा.वि.	उ.मा.वि	क्याम्पस	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष
१	१२२	१४९	२७१	१९	१०	२९	५१	३३	२५	१७	६	५९	५९	२६	४०	१६	२६	८	१९	१	६	०	०
२	१७४	२२४	३९८	७६	३५	१११	४७	५०	२२	१०	५	२५	३४	४०	५८	२१	३६	९	१७	६	९	०	०
३	११८	१५२	२७०	३४	१९	५३	४३	२७	२६	७	११	३९	४२	३४	३६	२८	३५	७	११	३	१३	०	०
४	१९४	२६३	४५७	८१	२८	१०९	७७	५३	३५	२४	११	८९	७०	५५	७५	३४	५६	१५	३२	५	१७	०	२
५	१९०	१७९	३६९	२४	९	३३	४६	४५	३०	१२	१६	९	१४	२२	२०	२०	२३	१८	११	६	५	५	६
६	१०४	१२६	२३०	५६	३०	८६	३४	३०	१७	१५	१७	१८	३४	२८	४२	२५	३३	१७	१३	११	१२	०	०
७	१३४	१११	२४५	११	६	१७	०	५	१	०	०	०	०	०	०	१	१	२	१	१	१	०	०
८	४२	५५	९७	२०	६	२६	३०	३६	१८	४	१	९	१३	१५	२६	७	१५	४	१	१	०	०	०
९	६५	६९	१३४	१२	७	१९	१४	८	८	५	०	१६	१५	१७	२०	८	१७	६	१०	०	०	०	०
जम्मा	**११४३**	**१३२८**	**२४७१**	**३३३**	**१५०**	**४८३**	**३४२**	**२८७**	**१८२**	**९४**	**६७**	**२६४**	**२८१**	**२३७**	**३१७**	**१६०**	**२४२**	**८६**	**११५**	**३४**	**६३**	**५**	**८**

स्रोतः आधारभुत घरधुरी सर्भेक्षण २०७१

४.२.२. जातिगत साक्षरता

	० कट्ठा/रोपनी भूमिहिन	०-५ कट्ठा / ०३ रोपनी सम्म	६-१० कट्ठा/ ०७ रोपनी सम्म	११-२० कट्ठा/ १३ रोपनी सम्म	२१-६० कट्ठा/ ३९ रोपनी सम्म	६१-१०० कट्ठा/ ६५ रोपनी सम्म	१०० कट्ठा/ ६५ रोपनी भन्दा माथि
१	२	१	८	२६	२६	२	०
२	२४	१७	२५	३१	१२	०	०
३	१	११	१५	२५	१४	१	०
४	६	४२	३१	३६	१०	१	०
५	७	२०	४२	३५	८	०	०
६	४	३८	१३	११	६	०	०
७	१	२०	२५	२३	१५	०	०
८	१	१	८	११	४	१	०
९	८	१	५	११	९	३	०
जम्मा	५४	१५१	१७२	२०९	१०४	८	०

स्रोत : आधारभूत तथ्यांक संकलन २०७१

६.३.२. जमिनको आवादी

यस गढी गा.वि.स.मा आफ्नो जग्गा आफैले कमाइ जिविकोपार्जन गर्ने परिवारहरुको संख्या धेरै रहेको छ भने आफ्नो जग्गा अरुलाई कमाउन दिइ वा अधिया दिनेहरुको संखया पनि रहेको छ । साथै यस गा.वि.स.मा अरुको जग्गा

कमाउनेहरुको संख्या २६ परिवार रहेको छ भने भुमिहिन वा सुकुम्बासी को संख्या ३३ रहेको छ । जमिनको आवादीका आधारमा यस गढी गा.वि.स.को वडागत परिवारको विवरण विस्तृत रुपमा तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ६४

जमिनको आवादिका आधारमा वडागत परिवारको विवरण

वडा नं.	आफ्नो जमिन आफैले कमाएको	आफ्नो जग्गा अरुलाई कमाउन दिएको	अरुको जग्गा कमाएको	भूमिहिन
१	६३	०	२	०
२	९५	०	४	१०
३	५८	६	१	२
४	९२	२२	७	५
५	१०३	२	०	७
६	५७	५	६	४
७	८२	०	२	०
८	२५	०	१	०
९	२९	०	३	५
जम्मा परिवार संख्या	६०४	३५	२६	३३

स्रोत : आधारभुत तथ्यांक संकलन २०७१

६.४. सिंचाई

६.४.१. सिचाइ सुविधा

यस गा.वि.स.का मानिसहरुको मुख्य पेशा कृषि भएता पनि उचित प्रकारको सिचाइ सुविधा भने उपलब्ध हुन सकेको छैन । धेरै जसो मानिसहरु सिचाइका लागि आकाशे पानीमा निर्भर रहनु पर्ने बाध्यता रहेको छ । साथै केही वडाहरुमा भने स्थानिय साना खोलाहरु मार्फत सिचाई गर्ने गरिरहेको पाइन्छ । तर पर्याप्तमात्रामा सिचाईका लागि कुलोहरुको निर्माण भने हुन सकिरहेको छैन ।

६.५. पशुपालन

हाम्रो अधिकांश ग्रामीण क्षेत्र कृषिमा आधारित रहेको छ । कृषि पेशा भन्नाले खेतीपाती गर्ने र पशुपंक्षि पालन गर्ने दुवैलाई जनाउँदछ । ग्रामीण भेगमा मानिसहरुले अनिवार्य रुपमा दुग्धजन्य, मासुजन्य र मलका लागि अनिवार्य रुपमा पशुपंक्षी पालन गर्ने गरेको पाइन्छ । यस गढी गा.वि.स.मा पनि धेरैजसो मानिसहरुले पशुपालन गर्ने गरेको पाइएको छ । यस गढी गा.वि.स.मा सबै भन्दा धेरै गाइ गोरु, भैसी राँगा , बाखा, भेडा पालन गर्ने गरेका छन् भने सबै भन्दा कम बंगुर पालन गर्ने गरेको पाइन्छ जस्को संख्या १९ गोटा रहेको छ साथै यस गा.वि.स.का बासिन्दाहरुले हास कुखुरा, मौरीपालन र अन्य विभिन्न पशुपंक्षिहरु पालन गरी जिविकोपार्जन गर्ने गरेको पाइएको छ । । पशुपंक्षिको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ६५
पशुपंक्षी पालन सम्बन्धी विवरण

वार्ड नं.	गाई गोरु (गोटा)	भैसी राँगा (गोटा)	घोडा, खच्चर (गोटा)	बाख्रा भेडा, च्यांग्र (गोटा)	सुंगुर/बंगुर (गोटा)	हाँस/कुखुरा (गोटा)	मौरी पालन(घार)	माछा (गोटा)	अन्य
१	६४	५०	०	५०	०	५४	३९	०	०
२	८५	६२	०	७९	४	८१	३२	०	३१
३	४२	४९	०	३३	०	९	१	०	०
४	६०	५०	०	५८	११	४९	२	०	०
५	१२	४९	०	२५	२	११	०	०	०
६	४७	४४	०	३६	०	९	२	०	०
७	६५	३२	०	५८	०	९	०	०	०
८	८०	७	०	१६८	२	१६५	२०	०	०
९	३३	२१	०	११	०	६	०	०	१
जम्मा	४८८	३६४	०	५१८	१९	३९३	९६	०	३२

स्रोत : आधारभुत तथ्यांक संकलन २०७१

६.६. आम्दानी तथा खर्च

६.६.१. आम्दानीको स्रोत

यस गा.वि.स.का अधिकांश घरपरिवारहरुको आम्दानीको स्रोतको मुख्य आधार हेर्दा कृषि र पशुपालन नै रहेको देखिन्छ । यस्का अलावा व्यापार, उद्योग, नोकरी, वैदेशिक रोजगारी र ज्याला मज्दुरीलाई पनि मुख्य आम्दानीको स्रोतको रुपमा पनि लिन सकिन्छ । तलको तालिकालाई विश्लेषण गर्दा गढी गा.वि.स.मा कृषि, व्यापार, नोकरी, वैदेशिक रोजगारी, ज्याला मज्दुरी र अन्य गरी वार्षिक रुपमा जम्मा **रु. १०५४५८०००** आम्दानी भएको देखिन्छ । जम्मा आम्दानीका लागि कृषि तथा पशुपालन ले सबैभन्दा धेरै योगदान दिएको पाइन्छ भने वैदेशिक रोजगार, नोकरी पेन्सन, र ज्याला मज्दुरीले पनि उत्तिकै महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । वडागत रुपमा हेर्दा जम्मा आम्दानीमा सबैभन्दा धेरै आम्दानी गर्न सफल वडा नं ७ रहेको छ जस्ले रु. ३ करोड रुपैया वार्षिक आम्दानी मा योगदान दिएको पाइएको छ ।

तालिका नं ६६
वार्षिक आम्दानीका स्रोत र आम्दानी सम्बन्धी विवरण

वडा नं.	कृषि तथा पशु पालन	व्यापार तथा उद्योग	नोकरी तथा पेन्सन	बैदेशिक रोजगार	ज्याला मजदुरी	अन्य	जम्मा आम्दानी	परिवार संख्या
१	५१०५०००	१८००००	१६९००००	९५००००	५४००००	६५०००	८५३००००	६५
२	४६१९०००	८१३०००	११७८०००	९०००००	१२३००००	३५५०००	९०९५०००	१०९
३	२९९००००	२४००००	२०६००००	१८५५०००	३७००००	१२००००	७६३५०००	६७
४	५७४३०००	१६५३०००	४१६९०००	७४१००००	३२२५०००	४९५०००	२२६९५०००	१२६
५	३४५१०००	६४९०००	१४६१०००	३२९००००	१५९००००	६३४०००	११०७५०००	११२

६	४८३८०००	२१००००	२२४८०००	२५५००००	५०००	०	९८५१०००	७२
७	११५०००००	३०००००	५००००००	६१०००००	७१०००००	०	३०००००००	८४
८	४६२०००	२६०००	६६६०००	१२३५०००	३६६०००	२१२०००	२९६७०००	२६
९	१३४५०००	३००००	८२२०००	९१००००	४२१०००	८२०००	३६१००००	३७
जम्मा	४००५३०००	४१०१०००	१९२९४०००	२५२०००००	१४८४७०००	१९६३०००	१०५४५८०००	६९८

स्रोत : आधारभूत घरधुरी सर्भेक्षण २०७१

६.६.२. वार्षिक खर्च

खर्चको समूहका आधारमा हेर्दा आम्दानी अनुसार नै खर्च हुने गरेको पाइन्छ । यस गा.वि.स.मा मानिसहरुले आधारभुत आवश्यकता परिपुर्ति देखि लिएर अतिरिक्त आवश्यकताको लागि खर्च गरी बाँकी पैसालाई वचत गर्न सफल भएको पाइन्छ । खाना खर्च, लत्ता कपडा, शिक्षा, स्वास्थ्य उपचार, चाड पर्व, मनोरञ्जन, कृषि उत्पादन लगाएत विभिन्न शिर्षकमा खर्च गर्ने गरेको पाइएको छ । गढी गा.वि.स.को वार्षिक रुपमा जम्मा खर्च **रु.८३५१५०००** हुने गरेको पाइएको छ । सबै भन्दा धेरै खर्च खाना मा लागेको पाइएको छ । साथै यस गा.वि.स.का मानिसहरुले खर्चका साथसाथै थोरै थोरै रुपमा भएपनि विभिन्न सहकारी, बैंकहरुमा गरी यो वर्ष जम्मा **रु.२१९४३०००** वचत गरेको पाइएको छ ।

तालिका नं ६७

वार्षिक खर्च सम्बन्धी विवरण

वडा नं.	खाना खर्च	लत्ता कपडा	शिक्षा	स्वास्थ्य उपचार	चाडपर्व मनोरञ्जन	कृषि उत्पादन	जम्मा खर्च	वचत	परिवार संख्या
१	२५६००००	७७००००	६६००००	७५००००	६१५०००	०	५३५५०००	३१७५०००	६५
२	२६६४०००	१३८५०००	११८९०००	९२७०००	१९५७०००	२१३०००	८३३५०००	७६००००	१०९
३	१३९४०००	७७६०००	१२९१०००	९९४०००	५०९०००	२४९०००	५२१३०००	२४२२०००	६७
४	६६४९०००	२२९२०००	१८७१०००	२६७०००००	१७७५०००	७५२०००	१६००९०००	६६८६०००	१२६
५	२६८००००	९२८०००	८३५०००	१३३३०००	१३६२०००	३५६०००	७४९४०००	३५८१०००	११२
६	१३९५०००	७९००००	५४८०००	४४३०००	८३४०००	३५४०००	४३६४०००	५४८७०००	७२
७	७८०००००	६४०००००	५६०००००	८१०००००	५१०००००	०	३३०००००००	३०००००००	८४
८	२९१०००	१८३०००	११७०००	१३६०००	८४०००	६००००	८७१०००	२०९६०००	२६
९	८७८०००	४५३०००	३३८०००	४१०००००	५५९०००	२३६०००	२८७४०००	७३६०००	३७
जम्मा	२६३११०००	१३९७७०००	१२४४९०००	१५७६३०००	१२७९५०००	२२२०००००	८३५१५०००	२१९४३०००	६९८

स्रोत : आधारभुत घरधुरी सर्भेक्षण २०७१

६.६.३. ऋणको अवस्था

यस गा.वि.स.का मानिसहरुले आवश्यकता पर्दा व्यक्तिगत र संस्थागत रुपमा विभिन्न संघसंस्था वा स्थान, व्यक्ति, साहुमहाजनहरुबाट ऋण लिने गरेको पाइन्छ । हाल आएर यस गा.वि.स.मा विभिन्न बचत तथा ऋण सहकारीहरु संचालनमा रहेकोले बचतकर्ताहरुले आ आफ्ना सहकारी संस्थाहरुबाट निश्चित समयका लागि विभिन्न व्यक्तिगत तथा संस्थागत प्रयोजनका लागि ऋण लिने गरेको पाइन्छ । तलको तालिका अनुसार सबैभन्दा धेरै समूह वा सामुदायिक संस्थाहरु र सहकारी संस्थाहरुबाट ऋण लिनेहरु रहेका छन् भने व्यक्तिगत रुपमा नातादार र साथी, साहु महाजन साथै बै.क वा वित्तिय संस्था मार्फत ऋण लिनेहरुको संख्या पनि रहेको पाइको छ ।

तालिका नं. ६८

वडा नं.	ऋण लिने जम्मा परिवार संख्या	ऋण लिने स्थान (परिवार संख्या)					
		वैंक वा वित्तीय संस्था	सहकारी संस्था	साहू महाजन	नातादार /साथी	समूह वा सामुदायिक संस्था	अन्य
१	५०	४	२९	६	४५	३	०
२	६६	३	१७	३	४	३०	३३
३	५५	४	४३	८	१२	२०	०
४	१२१	१०	१९	८	४१	५६	२
५	८७	०	४५	३	११	२५	३
६	३०	१८	११	८	२	०	०
७	७५	१	६	०	०	६०	०
८	२५	१	०	०	६	१९	०
९	३५	०	१	१	६	२७	०
जम्मा	५४४	४१	१७१	३७	१२७	२४०	३८

स्रोत : आधारभूत घरधुरी सर्भेक्षण २०७१

६.६.४. ऋण उपयोगका क्षेत्रहरु

गढी गा.वि.स.मा धेरैजसो घरपरिवारहरुले ऋण लिनुको मुख्य कारण घरायसी कार्य वा घर खर्च नै रहेको छ । त्यसै गरी कृषि तथा पशुपालन, उद्योग तथा व्यापार संचालन , शैक्षिक क्रियाकलाप संचालन,स्वास्थोपचार र वैदेशिक रोजगारीको प्रयोजनका लागि ऋण लिने गरेको तलको तालिका बाट देखिन्छ ।

तालिका नं.६९

वडा नं.	ऋण लिनुको कारण (परिवार संख्या)							
	घरायसी कार्य वा घर खर्च	कृषि तथा पशुपालन	उद्योग तथा व्यापार	सामाजिक, धार्मिक कार्य	शिक्षा	औषधी उपचार	बैदेशिक रोजगार	अन्य कार्य
१	४२	३४	०	०	५	२३	१	०
२	३२	२८	७	०	५	५	२	३
३	३९	१३	१	०	१२	२३	४	०
४	७५	४०	९	०	१६	२६	७	०

५	३१	५६	५	१	१	१	०	०
६	२७	१०	०	०	०	०	०	०
७	४३	२३	१	०	४	४	०	०
८	२१	३	०	०	०	२	०	०
९	३०	३	०	०	०	२	०	०
जम्मा	३४०	२१०	२३	१	४३	८६	१४	३

स्रोत : आधारभूत घरधुरी सर्भेक्षण २०७१

६.६.५. खाद्यान्नको अवस्था

गढी गा.वि.स.मा आफ्नो उत्पादन बाट खान पुग्ने परिवार र आफ्नो उत्पादनले खान पुगेर बेच बिखन गर्ने परिवार संख्याको तुलना गर्दा आफ्नो उत्पादनबाट खान पुग्ने घरपरिवारको संख्या धेरै रहेको छ। भने आफ्नो उत्पादनले खान पुगेर बेच बिखन गर्नेको परिवार संख्या जम्मा २५ रहेको छ। साथै आफ्नो उत्पादनले ३ देखि ६ महिना सम्म खान पुग्ने को संख्या धेरै रहेको छ जुन ३३ प्रतिशत छ। त्यसैगरी आफ्नो उत्पादनले ९ देखि १२ महिना सम्म खान पुग्ने परिवारको संख्या १०५ रहेको छ। यस सम्बन्धी विस्तृत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ७०

खाद्यान्नको अवस्था सम्बन्धी विवरण

वार्ड नं.	जम्मा परिवार सख्या	आफ्नो उत्पादनबाट खान पुग्ने परिवार								आफ्नो उत्पादनले खान पुगेर बेच बिखन गर्ने परिवार	
		३ महिनासम्म		३ - ६ महिना		६ - ९ महिना		९ - १२ महिना			
	संख्या	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	६५	०	०	३	४।६२	२४	३६।९	२६	४०	१२	१८।४६
२	१०९	२९	२६।६	३८	३४।९	३२	२९।४	९	८।२५७	१	०।९२
३	६७	९	१३।४	२२	३२।८	२४	३५।८	९	१३।४३	३	४।४८
४	१२६	४१	३२।५	४३	३४।१	२३	१८।३	१४	११।११	५	३।९७
५	११२	२२	१९।६	४७	४२	२८	२५	१५	१३।३९	०	०।००
६	७२	१६	२२।२	२६	३६।१	१४	१९।४	१३	१८।०६	३	४।१७
७	८४	१८	२१।४	३५	४१।७	२२	२६।२	९	१०।७१	०	०।००
८	२६	५	१९।२	६	२३।१	७	२६।९	८	३०।७७	०	०।००
९	३७	१८	४८।६	१०	२७	६	१६।२	२	५।४०५	१	२।७०
जम्मा	६९८	१५८	२२।६	२३०	३३	१८०	२५।८	१०५	१५।०४	२५	३।५८

स्रोत : आधारभूत घरधुरी सर्भेक्षण २०७१

परिच्छेद —सात

संघसंस्था, राजनैतिक दल तथा नागरिक समाज

७.१. संघसंस्था, राजनैतिक दल तथा नागरिक समाज

कुनै पनि समाजको विकास र उन्नतीमा त्यहाँका विभिन्न संघसंस्था, राजनैतिक दल र नागरिक समाजको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । यस गढी गा.वि.स.मा विभिन्न संघसंस्थाहरु गढी गा.वि.स.को समग्र पक्षको विकासमा लागिरहेका छन् । यि संघसंस्थाहरुले आआफ्नो उद्देश्य अनुरुप विभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्दै आइरहेका छन् ।

गढी गा.वि.स.को समग्र विकासका लागि यहाँका राजनैतिक दल तथा नागरिक समाजको भूमिका ज्यादै महत्वपूर्ण रहेको छ । यस गा.वि.स.मा मुख्यगरी नेपाली काँग्रेस, नेकपा एमाले, एनेकपा माओवादी, नेकपा माओवादी, राष्ट्रिय जनमोर्चा, नेमकिपा, राप्रपा नेपाल , राप्रपा दलहरु अस्तित्वमा रहेका छन् । हाल गा.वि.स. निर्वाचित जनप्रतिनिधी नभएकाले यस गा.वि.स.को विकास तथा शान्ति सुव्यवस्था कायम गर्नका लागि यहाँका राजनैतिक दल, बुद्धिजिवी, सरकारी तथा गैरसरकारी सेवाप्रदायक संघसंस्थाहरु, शिक्षक, यूवा, आमासमूह, महिला संजाल लगायतका समुदायमा आधारित विभिन्न संस्थाहरुको अहम् भूमिका रहेको छ । यस गा.वि.स.का मानिसहरु विभिन्न समुदायमा अधारित संघसंस्था, राजनैतिक दलमा आवद्ध रहेका छन् ।

तालिका नं ७१

विभिन्न संघसंस्थामा आवद्ध घरपरिवारको विवरण

वडा नं.	गाउँ विकास कार्यक्रम	कृषक समूह	सामुदायिक वन उपभोक्ता समूह	सहकारी संस्था	गैर सरकारी संस्था	परम्परागत समूह	अन्य	आवद्ध नभएको परिवार सख्या
१	३	०	८	३१	१	२८	०	१६
२	१	३१	४५	३५	५	१४	६८	११
३	२	७	७	५२	१	५२	०	२
४	१२	१३	८	३६	९	७	२८	४६
५	४	१२	३	४०	२३	५	२	२
६	४	१२	२	२५	२	०	०	४१
७	६	८	५	१	१	०	०	६३
८	०	०	२५	०	१	०	०	०
९	०	२	७	१३	१०	०	०	५
जम्मा	३२	८५	११०	२३३	५३	१०६	९८	१८६

स्रोत : आधारभूत घरधुरी सर्भेक्षण २०७१

७.१.१.सामाजिक परिचालन, सशक्तिकरण तथा संस्थागत विकास

गाविसको आन्तरिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने संस्थाहरु मध्ये समुदायमा आधारीत संस्थाहरु पनि पर्दछन् । जो स्थानिय विकास र स्थानिय विकृति विसंगती का विरुद्ध सामाजिक मुल्य मान्याता र नीति नियममाका साथै सामाजिक समझदारीमा संचालन भएका हुन्छन् । यि संस्थाहरु विभिन्न सरकारी र

गैरसरकारी संघसंस्थाहरु सँग सहकार्य गरी सामाजीक विकासमा लागिरहेका हुन्छन् । सोही बमोजिम यस गढी गाविसमा पनि निम्नानुसारका समुदायमा आधारित संस्थाहरु गठन गरी संचालनमा आइरहेका छन् ।

तालिका ७२
समुदायमा आधारित संस्थाहरु

सुमदायमा आधारित संस्थाको प्रकार	ठेगाना	संख्या	समूहको नाम	सदस्य संख्या
वडा नागरिक मञ्च	१ देखि ९	९	व.ना.म	२२५
महिला संजाल	१ देखि ९	१	एकता म.समूह	९
आमा समूह	१ देखि ९	१५	आमा समूह	३३
यूवा समूह	१ देखि ९	१	यूवा क्लब	२५
मेलमिलाप केन्द्र	गढी ४ सुर्खेत	१	सामुदायिक मे.के.	२७

स्रोत : स्रोत नक्सांकन तथा व्यवस्थापन योजना २०७१

गढी गाविसमा १ देखि ९ वडासम्म प्रत्येक वडामा वडा नागरिक मञ्च गठन गरिएका छन् । स्थानिय सुशासन र पारदर्शिताका साथै स्थानिय विकास र गाउँ परिषद्मा महत्वपूर्ण भूमिका खेल्ने उद्देश्यका साथ वडा नागरिक मञ्च को गठन गरिएको हो । यस वडा नागरिक मञ्चले गाविसस्तरीय योजना छनोट प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । त्यसै गरी प्रत्येक वडामा महिला र आमा समूहहरु पनि गठन गरिएका छन् । महिलालाई विकासको मूलधारमा ल्याउन नेपाल सरकारले समावेशी आधारमा ३३ प्रतिशत आरक्षण सहित गाविस अनुदान कार्यविधी २०६३ मा कुल अनुदानको १० प्रतिशत रकम छुट्याई महिलाको क्षमता अभिवृद्धि र सशक्तिकरण र जिविकोपार्जन मा सहभागि गराइएको छ ।

यस गाविसका महिला समूहहरु आर्थिक विकासको प्रक्रियामा पनि महिला सहकारी मार्फत सक्रिय भई आर्थिक रुपमा समृद्धिको मार्गतिर उन्मुख भइरहेका छन् । साथै आमा समूहहरु पनि घरेलु हिंसा, जाँड रक्सी, जुवा तास जस्ता सामाजिक विकृति धुमील्याउने जस्ता कुरीती र विसंगतीलाई समाजबाटै उन्मुलन गर्ने उद्देश्यका साथ विभिन्न क्रियाकलापहरु संचालन गर्दै आइरहेका छन् । अनौपचारिक शिक्षा जस्तै दौतरी शिक्षा, प्रौढ शिक्षा जूस्ता कार्यक्रमहरु पनि आमासमूहहरु ले संचालन गरिरहेका छन् । त्यसै गरी राष्ट्रका बलिया आधार स्तभ्म यूवा वर्गहरुको सशक्तिकरण र क्षमता अभिवृद्धिका लागि र एकताका लागि यूवा क्लबहरु पनि गठन गरिएका छन् । विभिन्न गैरसरकारी संघसंस्था र गाविसकार्यलयको साझेदारीमा सामाजिक विकास, अतिरिक्त क्रियाकलाप, खेलकुद, साँस्कृतिक मेला जस्ता कार्यक्रमहरुको आयोजना गर्ने काम यूवा हरुले गरिरहेका छन् । समुदायको विवाद समाधान गरौ, समुदायमा दिगो शान्तिको स्थापना गरौँ भन्ने मूल नाराका साथ यस गाविसमा पनि सामुदायिक मेलमिलाप केन्द्रको स्थापना गरी विगतका द्वन्द्वका तीता अनुभव र सामुदायिक सहजीकरणबाटै विभिन्न विवादहरुलाई समाधान गरी सामाजिक सहीष्णुता र सद्भावमा टेवा पुऱ्याउने हेतुले सामुदायिक मेलमिलाप केन्द्र गढीले हाल सम्म काम गर्दै आइरहेको छ ।

७.१.२. गढी गा.वि.स मा क्रियाशिल गैर सरकारी संघ संस्थाहरु

गढी गाविसको विकास र समृद्धीमा ठूलो भुमीका र योगदान पुऱ्याउने हेतुले विभिन्न गैरसरकारी संघसंस्थाहरु पनि लागि परेका छन् । कृषि विकास, महिला सशक्तिकरण, चेतनामूलक, किशोरकिशोरी शिक्षा, स्थानिय विकास र सुशासन, सिमान्तकृत महिला विकास, यूवा सशक्तिकरण, विकास निर्माण, दलित उत्थान र शैक्षिक क्षेत्रको विकासमा यि सर्म्पूण गैरसरकारी संस्थाहरुले आफ्नो कार्यक्षेत्र र कार्यक्रम लक्षित वर्गसम्म पुऱ्याएका छन् । गढी गा.वि.स.मा खासै अर्न्तराष्ट्रिय संघ संस्थाको उपस्थिती रहेको पाइदैन । तर राष्ट्रिय गैरसरकारी संस्थाहरु तथा सरकारी संघसंस्थाहरुको भने उपस्थिती सन्तोषजनक रहेको छ । यि संस्थाहरुले जनचेतना, आयआर्जन, सिपमूलक काम, खानेपानी , सरसफाई, कृषि प्रविधीको प्रचार प्रसार उत्पादन र बजारीकरण, साझेदारी विकास, मानवअधिकार र शान्ति स्थापना, व्यावसायिक सीप तथा तालिमहरु प्रदान गर्ने जस्था सामुदायिक विकासका पक्षमा लागिपरेको पाइन्छ । यसरी हेर्दा हाल गढी गा.वि.स.मा अहिले तत्काल कामगरीरहेका गैरसरकारी संघसंस्था हरु निम्नानुसार रहेका छन् । सोही अनुसार यस गाविसमा निम्नानुसार गैर सरकारी संघ संस्थाहरु रहेका छन् । यस गाविसमा देहाय अनुसारका गैसस तथा अगैससको कार्यरत एवं क्रियाशिल रहेको आधारभुत तथ्यांक संकलनबाट तथा गाविसको विवरणबाट देखिन्छ ।

तालिका ७३
गाविसमा क्रियाशिल गैसस तथा अगैससहरु

संस्थाको नाम	परियोजना संचालन भएको वडा	परियोजनाको किसिम	परियोजना संख्या
स्याक नेपाल	१ देखि ९	साझेदारी विकास	१
वाम	१ देखि ९	महिला आर्थिक	१
आइ.एन.एफ	१ देखि ९	सामुदायिक स्वास्थ्य	२
किर्डाक	१ देखि ९	किशोरी शिक्षा	१
नवज्योती	१ देखि ९		१
सेर्लड	१ देखि ९	सामुदायिक मेलमिलाप	१

स्रोत : स्रोत नक्सांकन तथा व्यवस्थापन योजना २०७१

सुर्खेत जिल्लाका अन्य गाविसहरुमा भन्दा तुलनात्मक रुपले यस गाविसमा गैरसरकारी संघसंस्थाहरु कम रहेका छन् । तर स्थानियबासीका अनुसार गैरसरकारी संघसंस्थाहरु पायक पर्ने वडामा मात्र केन्द्रित भइ काम गर्ने गरेको र स्थानिय आवश्यकता र चाहनालाई नबुझि कार्यक्रम संचालन गर्ने गुनासो पाइएको छ ।

७.१.३. सहकारी संस्थाहरु

ग्रामीण अर्थतन्त्रलाई वृद्धि विकास गरी स्थानिय जनताको आयआर्जनमा टेवा पुऱ्याउन सहकारी वा बहुद्देश्यिय सहकारी संस्थाको अवधारणा मार्फत यस गढी गाविसमा सहकारी संस्थाहरु स्थानिय पुजिलाई संचालन र परिचालन गरी आर्थिक विकासमा सहयोग गरी यस गढी गाविसलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन सहयोग गरिरहेका छन् । यस गाविसमा क्रियाशिल सहकारी संस्थाको विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

तालिका ७४

गाविसमा क्रियाशिल सहकारी संस्थाहरु

संस्थाको नाम	ठेगाना	संस्थाको प्रकार	काम गर्ने क्षेत्र
लालिगुरास कृषि सहकारी	गढी १	कृषि सहकारी	गढी
मेलपानी ब.तथा ऋ.सहकारी	गढी ३	बचत तथा ऋण	गढी जर्बुटा
गढी ब.तथा ऋ.सहकारी	गढी ४	बचत तथा ऋण	गढी
सिद्ध गडी महिला बचत तथा ऋण सहकारी	गढी ४	बचत तथा ऋण	गढी
हिमाली दुग्ध उत्पादन केन्द्र	गढी ४	दुग्ध संकलन केन्द्र	गढी
बयलकाँडा नव ज्योती सहकारी	गढी ५	बचत तथा ऋण	गढी
कृषि उत्पादन सहकारी	गढी ६	कृषि बचत	गढी
साझा डेरी उद्योग	गढी ३	दुग्ध संकलन केन्द्र	गढी
जरेपानी कृषि सहकारी	गढी ५	कृषि	गढी

स्रोत : स्रोत नक्सांकन तथा व्यवस्थापन योजना २०७१

यस गढी गाविसको आर्थिक, सामाजिक र भौतिक विकासमा गैरसरकारी संघसंस्था र सहकारी संस्थाहरुले महत्वपूर्ण भूमिका निर्वाह गरी यहाँका जनताको जीवनस्तर उकास्न सहयोग गरिरहेका छन् ।

७.१.४. राजनैतिक दलको अवस्था

राजनैतिक प्रतिस्पर्धा र स्थानिय विकास एकअर्काका परिपूरक वा निकै अन्तरसम्बन्धीत रहेका छन् । वीरेन्द्रनगरको छिमेकी गा.वि.स भएकै कारण सदरमुकामको राजनैतिक प्रभाव निश्चय नै प्रत्यक्ष रुपमा पर्ने गरेको छ । गढी गा.वि.स.मा ने.का. एमाले, र एनेकपा माओवादी कै विचमा मुख्य गरी राजनैतिक प्रतिस्पर्धा हुने गरेको छ । समग्रमा विकासका लागि राजनैतिक दलहरु एकजुट भएता पनि आपसी विवाद र मनमुटावका कारण सामूहीक विकासका प्रक्रियामा भने असर परेको स्थानिय जनता बताउँछन् । हाल सम्म यस गढी बयलकाँडा गा.वि.समा नेपाली काँग्रेस कै बहुमत र प्रतिस्पर्धामा ने.क.पा एमाले रहदै आएका छन् ।

परिच्छेद आठ

धर्म, सँस्कृति, पर्यटन तथा खेलकुद

गढी गाविसमा विभिन्न जातजाति तथा धर्म सँस्कृतिका मानिसहरुले बसोबास गर्दै आइरहेका भए तापनि सबै जातजाति, धर्म, सम्प्रदायका मानिसहरुको बीचमा राम्रो सम्बन्ध र एकता रहेको छ । यस गा.वि.स.मा हिन्दु धर्मावलम्बीहरुको बाहुल्यता रहेको छ । यहाँ क्रिश्चियन र बौद्ध धर्म मान्ने मानिसहरुको पनि बसोबास रहेको छ । धार्मिक रुपमा आआफ्नो आस्था र विश्वासहरु फरक फरक रहेता पनि समुदायमा मानिसहरु दैनिक जिविकोपार्जनका क्रियाकलापहरुमा मिलिजुली गर्ने गरेको पाइन्छ । साथै एक आपसमा धार्मिक कार्यहरुमा सहयोगको आदान प्रदान गर्ने, विभिन्न किसिमले सहभागिता जनाउने चलन रहेको छ ।

८.२. समुदायका संस्कार तथा मुख्य चाडपर्व सम्बन्धी विवरण

८.२.१. हिन्दु समुदायका संस्कारहरु

क) जन्म : बच्चा जन्मे पछि छिमेकी महिला तथा तालिम लिएका सुडेनीहरुले सुत्केरी महिलाको स्याहार सम्भार गर्ने, बच्चाको सालनाल काट्ने, आमा र बच्चालाई नुहाइदिने गर्दछन् । बच्चा न्वारन नगर्दा सम्म सुत्केरी बार्ने र नछुने गर्दछन् । बच्चा जन्मेको समयमा सुत्केरीलाई माछा मासु लगायत अन्य तागतीला खानेकुराहरु खान दिने गर्दछन् । आजकल बच्चा जन्माउनका लागि स्थानिय मेडिकल स्वास्थ्य चौकी र अस्पताल लैजाने गरेको पाइन्छ । समयक्रमको विकास सँगै सुरक्षाका दृष्टिकोणले घरमा भन्दा अस्पतालमा नै सुरक्षित तवरले बच्चा जन्माउने चलनको यस गा.वि.स.मा विकास भएको पाइन्छ ।

ख) छैठी : गढी गा.वि.स.का बासीन्दाका सँस्कार अनुसार छोरा जन्मेको ६ दिनमा छैठी गर्ने गर्दछन् । छैठीको दिनमा भावीले आएर बच्चाको भविष्य लेखिदिन्छन् भन्ने मान्यताले त्यस दिन बच्चालाई नुहाइ धुहाइ गरिदिएर बच्चाको सिरानी मुनी कापी कलम राखी दिने चलन छ । ब्राह्मण द्वारा पुजापाठ गर्ने चिना लेखाउने, ग्रह क्षेत्र हेर्ने र नाचगान गरी रमाइलो गर्ने चलन रहेको छ ।

ग) न्वारन : बच्चा जन्मेको ९ देखि ११ दिनमा न्वारन गर्ने चलन रहेको छ । न्वारनको दिनमा विहानै घरलिपपोत गर्ने, बच्चालाई नुहाइदिने गर्दछन् । ब्राह्मण, क्षेत्री समुदायमा बाहुनद्वारा बच्चाको ग्रह क्षेत्र हेराइ नाम राख्ने गर्दछन् भने अन्य समुदायमा धामी र लामाहरुबाट बच्चाको नाम राख्ने काम सम्पन्न गर्ने चलन रहेको छ ।

घ) पास्नी : बच्चा जन्मेको ६ महिना पछि धार्मिक विधी विधानअनुसार बच्चालाई अन्न खुवाउने वा अन्नप्रासन गर्ने चलन रहेको छ । जस्लाई स्थानिय भाषामा भातखुवाइ भन्ने गरिन्छ । यस दिन विभिन्न किसिमका खानेकुराका परिकारहरु बनाउने र मान्ने जनहरुबाट बच्चालाई टिका लगाई ति परिकारहरु खुवाउने र नयाँ नयाँ कपडाहरु उपहार दिने गरिन्छ । र यस दिन बच्चालाई बुढापाकाहरु बाट पिठ्यू हाल्ने चलन पनि रहेको छ ।

ङ) व्रतबन्ध : यस गा.वि.स.मा विवाह गर्नुभन्दा अगाडी दुलाहाको ब्रतबन्ध गर्ने चलन ब्राह्मण, क्षेत्री , ठकुरी लगायतका जातीहरुमा बढी मात्रामा रहेको छ । व्रतवन्ध गर्नुभन्दा पहिले शुभसाइत जुराउने, र सोही दिन पुजा लगाएर ब्राह्मण द्वारा गुरु मन्त्र सुनाइ जनै लगाउने गर्दछन् । यस बखतमा ब्रतबन्ध गर्नेले जोगीको भेष धारण गरी आमा बुवा र मान्यजनहरुबाट भिक्षा माग्ने गरेर रमाइलो गर्ने गर्दछन् । यस बेला भिक्षा स्वरुप नुन, चामल, पैसा दान दिने प्रचलन रहेको छ ।

च) विवाह : केटा वा केटी १८, १९ वर्षको उमेर पुगेपछि विवाहको कुरा चलाउने गरिन्छ । विवाहका लागि केटा पक्षका मानिसहरु केटी पक्षको घरमा गएर विवाहको कुरा चलाउँछन् त्यस पछि केटा र केटी पक्षका बारेमा दोहोरो कुरा मिलेपछि विवाहको पक्का गरिन्छ । विवाहको दिन केटाको घरबाट हिन्दुसँस्कार अनुसार केटीको घरमा जन्ती जाने गर्दछन् । जन्ती केटीको घरमा पुगेपछि जन्तीलाई खानापीना खुवाइसकेपछि केटाकेटीलाई विवाह मण्डपमा राखेर ब्राह्मण्ले विधीपूर्वक मन्त्र उच्चारण गर्दै विधीअनुसार कन्यादान दिने चलन छ । त्यसैबेला तामाको भाँडामा केटाकेटीको खुट्टा सँगै राखेर बुढी औला धोएर आमा बुवा वा माइती पक्षले टिका लगाई दान दक्षिणा दिने गर्दछन् । तत्पश्चात माइती पक्षका अन्य आफन्त इष्ट मित्रहरुले टिका लगाई दान दक्षिणा दिने गर्दछन् । विवाहको कर्मकाण्ड बाहुनले विधीपूर्वक सकाएर केटीको सिउँदोमा सिन्दुर हाले पछि केटी लिएर जन्ती फिर्ता हुन्छन् र केटाको घरमा केटापक्षका इष्टमित्र, आफन्तहरुलाई प्रितिभोजका रुपमा भोज खुवाउने चलन छ ।

छ) मृत्यु : गढी गा.वि.स.मा समुदायको परम्पराअनुसार मानिसको मृत्यु भएमा मुर्दालाई घरबाहिर मूल ढोकाको नजिक राखिन्छ । यसरी घरबाहिर राखीसकेपछि मुर्दालाई सेतो कपडा र कात्रोले ढाक्दछन् । त्यसपछि मृत शरिरलाई बाँसको घारामा बाँधेर शंख बाजा बजाउँदै लासको अघि अघि सेतो कपडाको बाटो समाई लाहार बुर्की छर्दै मसान घाट तिर लैजान्छन् । यहाँ मानिसको मृत्यु पछि अधिकांश मुर्दाहरुलाई जलाउने परम्परा रहेको छ । मसानघाटमा पुगेपछि लासलाई जलाउनका लागि गएका मलामीहरु मध्ये जान्ने बुझ्नेले चिता निर्माणका लागि कार्य प्रारम्भ गरेपछि अन्य मलामीहरु मिली चिताको निर्माण गर्दछन् । त्यसपछि मुर्दालाई ३ वा ५ पटक सम्म चिताको वरिपरि घुमाई चिता माथि राख्दछन् । मृतकको जेठो छोराबाट वा छोरा नभएमा दाजु वा गोतिहारहरु बाट दाग बत्ति दिएपछि लासलाई जलाउने काम गरिन्छ । मृतकका छोराहरु, गोतिहार र आफन्तहरु शोक मनाउने मानिसहरुले कपाल मुण्डन गर्ने गर्दछन् । ब्राह्मण, क्षेत्री, ठकुरीहरुले मृत्यु भएको १३ दिन तथा जनजाति र दलित समुदायले ३ वा ५ दिन मा पूण्य तिथी गर्ने चलन रहेको छ ।

८.२.२. चालचलनमा रहेका चाडपर्वहरु

क) नागपञ्चमी : यो पर्व श्रावण महिनामा पर्दछ । यस दिनमा बाहुनहरुले नागका चित्र घरको मूल ढोकामा टाँसी पुजा गर्ने गर्दछन् र घरमुली ले बाहुनलाई आफ्नो क्षमता अनुसार दान दक्षिणा दिने गर्दछन् ।

ख) जनै पूर्णिमा : भाद्र शुक्ल पक्षको पूर्णिमाको दिनलाई जनै पूर्णिमा भनिन्छ । अर्को शब्दमा यसलाई गुरुपूर्णिमा पनि भनिन्छ । यस दिनमा रक्षा बन्धन तथा जनै लगाउने सबैको रक्षा हुन्छ भन्ने धार्मिक विश्वास

रहेको छ । यस दिन ब्राह्मणले मन्त्र जपेर तयार गरेको रक्षा बन्धनको डोरी हातमा बाँध्ने चलन रहेको छ । त्यसपछि ब्राह्मणलाई आफ्नो इच्छा अनुसारको दान दक्षिणा दिने चलन रहेको छ ।

ग) हरितालिका तीज : हरितालिका तीज भाद्र शुक्ल पक्षको तृतियाको दिनमा मनाउने गरिन्छ । यस दिनमा हिन्दु समुदायका विवाहित महिलाहरुले आफ्नो पतिको दिर्घायुको कामना गर्दै ब्रत बस्ने चलन रहेको छ । यस दिनमा महिलाहरुले नयाँ नयाँ कपडाहरु लगाउने, गरगहनामा सिँगारिएर गाउँटोल नजिक रहेका चौतारामा सबैलाई पायकपर्ने ठाउँमा गई तीजका रमाईला गितहरु गाउँदै नाच्दै रमाइलो गर्ने गर्दछन् । यस दिन दिदीबहिनीहरुलाई दाजुभाइहरुले लिन जान्छन् र विभिन्न किसीमका मिठामिठा खानेकुराहरु खान दिने गर्दछन् । मुख्य गरी यस दिन महादेवको ब्रत तथा पुजा गर्ने चलन रहेको छ ।

घ) दशै : नेपालीहरुको महान चाँड बडादशै आश्विन शुक्ल प्रतिपदाको दिन देखि शुरु भई कोजाग्रत पूर्णिमाको दिन समापन हुने यो पर्वको पहिलो दिनलाई घटस्थापना भन्ने गरिन्छ । यस दिन हिन्दु समुदायका मानिसहरुले प्रत्येक घरमा माटोमा धान मकै गहुँ जौ आदि जस्ता अन्नहरु भिजाएर राख्ने काम गर्दछन्, जस्लाई जमरा भनिन्छ । विशेषगरी सप्तमी देखि दशमीको दिन सम्मलाई दशैको महत्वपूर्ण दिनका रुपमा मनाउने गरिन्छ । दशै अवधीभर दुर्गा पुजा गर्ने, राँगा बोकाहरु बली चढाउने गर्दछन् । भगवान श्री रामचन्द्रले रावणमाथि विजय प्राप्त गरेकोले असत्य माथि सत्यको विजय भएको खुसियालीमा मनाइने भएकाले यस पर्वलाई विजया दशमी भनिन्छ । दशैमा आफ्नो क्षमता अनुसार नयाँ नयाँ कपडा किन्ने, मिठा मिठा खानेकुराहरु बनाइ खाने गर्नुको साथै घर लिपपोत गर्ने, सिगार्ने, सरसफाइ गर्ने गर्दछन् । दशैको सबैभन्दा महत्वपूर्ण मानिने दिन दशमीका दिन शुभ साइतअनुसार आफुभन्दा माथिका मान्यजनहरुबाट टिका जमरा ग्रहण गर्दै आर्शिवाद लिने चलन रहेको छ । यस दिन टिका जमरा लिन नपाएका मानिसहरुले मान्यजनहरुबाट कोजाग्रत पूर्णिमाका दिन सम्म टिका थाप्ने चलन रहेको छ ।

ङ) तिहार : कार्तिक शुक्ल त्रयोदशी देखि पाँच दिन सम्म मनाइने यो पर्व दाजु भाइ र दिदि बहिनीहरु बीचको स्नेह र सुभेच्छाको पर्व हो । मृत्युदेव यमराज आफ्नी बहिनी यमुना कहाँ आइ बसेको र यमुनाले उनको सेवा र पुजा गरेको घटनालाई यस सँग जोडी यस पाँच दिनको अवधिलाई यमपञ्चक पनि भन्ने गरिन्छ । यमपञ्चकको पहिलो दिन कार्तिक कृष्ण त्रयोदशीमा यमदुतका रुपमा कौवाको पुजा गरी कागतिहार मनाउने गरिन्छ । दोश्रो दिन यमराजका द्वार रक्षकका रुपमा कुकुरको पुजा गरी कुकुर तिहार मनाउने, तेश्रो दिन वा औशिको दिन धनधान्यकी देवी महालक्ष्मीको पुजा गरी लक्ष्मी पुजा मनाउने, चौथो कार्तिक शुक्ल प्रतिपदाका दिन गोर्वधन पुजा गरिन्छ । यमपञ्चकको पाँचौ वा अन्तिम दिन कार्तिक शुक्ल द्वितियाका दिन दिदिबहिनीहरुले आफ्नो दाजुभाईहरुको सुख समृद्धि र दिर्घायुको कामना गर्दै टिका लगाई दिई मिष्ठान्न भोजन गराउने गर्दछन् । यस अवसरमा गाउँले साथीहरुले भैली तथा देउसी खेल्दै रमाइलो गर्ने गर्दछन् ।

च) माघे सँक्रान्ती : माघ महिनाको पहिलो दिन पर्ने हुँदा यसलाई माघे सँक्रान्ती भनिन्छ । यस दिन विशेष गरी विहानै उठेर नजिकको नदि वा मुल धारामा गएर स्नान गर्ने गरिन्छ । र यस दिन खिचडी, तरुल पकाएर खाने चलन रहेको छ । साथै आफ्ना चेलीबेटीहरुलाई घरमा बोलाई खाना खुवाउने चलन रहेको छ ।

छ) चैते दशै : चैते शुक्ल अष्टमीका दिन मनाइने यो पर्वलाई सानो दशैँ पनि भनिन्छ । यस दिनमा प्रत्येक घरमा आफ्नो क्षमता अनुसार माछामासु लगाएत अन्य मिष्ठान्न खानेकुराहरु बनाइ आफ्ना आफ्ना चेलीहरुलाई बोलाई खाना खुवाउने चलन रहेको छ ।

ज) क्रिशमस डे : विश्व र नेपालका क्रिश्चियन धर्मावलम्बीहरु जस्तै यस गढी गा.वि.स.का क्रिश्चियनहरु पनि विभिन्न किसिमका पर्वहरु मनाउँदछन् । जस्मा नयाँ वर्ष आगमनको अवसरमा क्रिसमस डे यसदिनमा क्रिश्चियन यूवायूवतीहरु क्यारोल खेल्दै जिसस क्राइष्टको सन्देशलाई सबैका सामु पुऱ्याउने र सुसमचार बाड्ने गर्दछन् । जिसस क्राइष्टलाई सुलीमा चढाएको सम्झनामा गुड फ्राइडे र क्राइष्टको जीवन मुक्तिका लागि गुड सटर्डे र क्राइष्टको पुन जिवन प्राप्तको दिनको खुसीमा इस्टर सन्डे पर्व धुमधामका साथ मनाउने गर्दछन् ।

झ) होली पूर्णिमा : यो पर्व फागुन महिनाको पूर्णिमा तिथीको दिन मनाइन्छ । यस दिन हिन्दु समुदायका केटाकेटीहरु विभिन्न रंग, अविरहरु लगाउँदै शुभकामना आदान प्रदान गर्ने गर्दछन् ।

८.१.३. धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थल सम्बन्धी विवरण

नेपाल एक बहुभाषिक, बहुधार्मिक, बहुजाति, बहुसाँस्कृतिक विविधता भएका मानिसहरुको बसोबास भएको एक साँस्कृतिक विविधताले भरिपूर्ण देश हो । नेपालको एक फरक पहिचान भनेकै साँस्कृतिक विविधता नै हो । र नेपालको आर्थिक विकासमा महत्वपूर्ण प्रभाव पार्ने तत्वहरु मध्येको सामाजिक र साँस्कृतिक स्रोत पनि हो । मन्दिर, गुठी, चर्च, परम्परागत सँस्थाहरु र पर्यटकिय सार्वजनकि स्थलहरु पर्दछन् । यिनै पर्यटकिय विकासका लागि मूख्य तत्वका रुपमा रहेका यि सामाजिक साँस्कृतिक स्रोतहरुको आधारका रुपमा रहेका छन् । कैँयन पर्यटकहरु नेपालमा साँस्कृतिक धरोहरहरु अवलोकन गर्नका लागि आउने गर्दछन् ।

सामान्यतया सामाजिक साँस्कृतिक स्रोत भन्नाले पूर्खाको चिनो, इतिहासको दस्तावेज जो एक धार्मिक आस्थाको केन्द्रविन्दुका रुपमा स्थापित भइ समुदायलाई एकताको सुत्रमा आबद्ध गर्न महत्वपूर्ण भूमिका निर्वाह गरिहेका हुन्छन् । पर्यटन प्रवर्द्धनले नै अनेकौँ मुलुकहरु धनि हुने बाटो तिर उन्मुख भइरहेका छन् र हाम्रो देश नेपालमा पनि पर्यटकिय सम्भावनाको प्रमुख केन्द्र विन्दु नै हो ।

यस गढी बयलकाँडा गा.वि.स. वीरेन्द्रनगर उपत्यका सँगै पर्यटकीय क्षेत्रको प्रबल सम्भावनाका साथ जोडिएको एक छिमेकी गा.वि.स. हो । यस गा.वि.स. को वडा नं ४ मा रहेको गोठीकाँडा डाँडा र भ्यू टावर जुन स्थान बाट वीरेन्द्रनगरको सुन्दर उपत्यका को अवलोकन गर्न सकिने भएकोले यो क्षेत्र दिन प्रतिदिन पर्यटकीय क्षेत्रका रुपमा विस्तार हुदै गइरहेको छ । साथै यस डाँडा बाट सुर्खेत उपत्यकालाई केन्द्र बनाई प्याराग्लाइडिर को पनि निकै बलियो सम्भावना रहेको छ । यस गा.वि.स.को आस पासमा विभिन्न ठाउँहरुबाट पीकनिकका लागि जानेहरुको पनि संख्या दिन प्रतिदिन बढ्दै गइरहेको छ ।

तालिका नं.७५
साँस्कृतिक र पर्यटकीय श्रोतहरु

स्रोतहरु	वर्तमान अवस्था (वडा)								
	१	२	३	४	५	६	७	८	९
सांस्कृतिक		सिद्धापाइला	मष्टोमन्दिर, कालिका मन्दिर	चर्च, शिवमन्दिर	गढी किल्ला	शिवमन्दिर राम्चे	भैरव मन्दिर, सिद्धापाइला		देविथान
पर्यटकीय	भोटे गढी	सिद्धापाइला, सुर्खेत दैलेख सडक		पाखापानी पिकनिक स्थल	पाराग्लाइडिङ, गढी किल्ला		सिद्धापाइला	सल्लेरी गुफा	सल्लेरी गुफा

स्रोत : स्रोत नक्सांकन योजना २०७१

परिच्छेद नौ

गाउँ विकास समितिको संस्थागत अवस्था

गाउँ विकास समितिको कार्यालय गढी, सुर्खेत

९.१. गाउँ विकास समितिमा कार्यरत कर्मचारीहरुको विवरण

तालिका नं ७६

सि.नं.	कर्मचारीको नाम थर	पद	ठेगाना	मोबाइल नं
१	नविन रावत	गाविस सचिव	वीनपा ५ सुर्खेत	९८४८०४०३३४
२	रामचन्द्र गौतम	प्राविधीक	गढी ७ सुर्खेत	९८४८००२७२९६
३	रेशमलाल पराजुली	कार्यालय सहयोगी	गढी ३	

९.२. गा.वि.स.मा उपलब्ध भौतिक पूर्वाधारहरुको विवरण

- ३ कोठे पक्की भवन
- २ वटा कम्प्युटर
- २ फोटोकपी
- कुर्ची
- टेबल

९.३. गाविसको वार्षिक वजेट विवरण

- नेपाल सरकार बाट प्राप्त अनुदान रु. १५,००,०००
- गाविस आन्तरिक स्रोत : २,००,०००

९.४. गा.वि.स. मातहतका समितिहरु

- पर्यटन संरक्षण समिति
- एकता महिला संजाल
- गाउँ शिक्षा समिति
- गाविस स्तरिय खानेपानी तथा सरसफाइ समन्वय समिति
- दलित समन्वय समिति
- जनजाति समन्वय समिति
- बालसंरक्षण समिति

९.५. गढी गा.वि.स.को वर्ष ०७०ऽ०७१ को आय व्यय विवरण

तालिका नं. ७७

आय शीर्षक	गत वर्ष		चालु वर्ष	व.शी.नं.	व्यय शीर्षक	गत वर्ष		चालु वर्ष
	संशोधित	वास्तविक	अनुमानित			संशोधित	वास्तविक	अनुमानित
शुरु मौज्दात	०	०	०		तलव	३११६३५	३६९५००	३६९५००
घरजग्गा कर	०	०	०		भत्ता	०	०	०
मालपोत वा भूमिकर	४५०००	७५०००	५५०००		सरुवा भ्रमण भत्ता	०	०	०
हाटवजार पसल कर	०	०	०		पदाधिकारी पारिश्रमिक	८१९००	९६६६०	९६६६०
सवारी साधन कर	०	०	०		धारा, विजुली तथा संचार महशुल	१०५००	१५०२०	१५०२०
मनोरञ्जन कर	०	०	०		भाडा	६०००	६५००	६०००
वहाल विटौरी	४५०००	७००००	७००००		कार्यालय संचालन अन्य खर्च	४९०००	७९००००	६००००
विज्ञापन कर	०	०	०		विविध खर्च	१६०००	१५०००	२००००
व्यवसाय कर	०	०	०		सामाजिक सेवा अनुदान	५०००	५०००	५०००
व्यवसायिक भिडियो कर	०	०	०		सामाजिक सुरक्षा अनुदान	०	०	०
प्राकृतिक स्रोत उपयोग कर	०	०	०		कार्यक्रम खर्च	०	०	०
सेवा शुल्क	०	०	०		कार्यक्रम भ्रमण खर्च	०	०	०
दस्तुर	०	०	०		उत्पादन तथा सेवा खर्च	०	०	०
विक्री आय	०	०	०		भैपरी आउने खर्च	०	०	०
स्रोत उपयोग वाँडफाँड	०	०	०		ऋणको साँवा भुक्तानी	०	०	०
दण्ड सजाय	०	०	०		ऋणको व्याज भुक्तानी	०	०	०
अन्य आय	१००००	८०००	५०००		फिर्ता खर्च (मालपोत) २५ प्रतिशत	०	०	०

जि.वि.स. अनुदान (पुल संरक्षण)	०	०	०		जग्गा खरिद	०	०	०
नेपाल सरकारबाट अनुदान	१५००००	१५००००	१५००००		भवन खरिद	०	०	०
अन्य निकायबाट प्राप्त	०	०	०		फर्निचर खरिद	०	०	०
					सवारी साधन	०	०	०
					सार्वजनिक निर्माण	०	०	०
					लगानी	०	०	०
					सार्वजनिक संस्थालाई अनुदान	०	०	०
					सेवामूलक संस्थालाई अनुदान	०	०	०
					नगद मौज्दात	०	०	०
					वैक मौज्दात	०	०	०
जम्मा आम्दानी	२५००००	३०३०००	२८००००		**जम्मा खर्च**	४८००३५	१२९७६८०	५७२१८०

अनुसुचीहरु

अनुसुची १

तालिका नं. ७८
स्रोत नक्शांकन तालिका गढी

स्रोतका क्षेत्रहरु	स्रोतहरु	वर्तमान अवस्था (वडा)								
		१	२	३	४	५	६	७	८	९
जलश्रोत तथा अन्य प्राकृतिक श्रोत	नदी , खोला	मूलपानी ,सुनाखरी वेदखोला सोतखोला	सोतखोला	मेहेलपानी, नेवारे खोला	सोतखोला	राम्चेखोला				
	कुलो	सुनाखरी कुलो					राम्चे कुलो			
	सामुदायिक कुवा	१०० हे.	९० हे.	४० हे.	१५ हे.	६ हे.	४० हे	१५३ हे.	५० हे.	५० हे.
	बाँझो र प्रर्तिजग्गा					जरे पानी १७ विगाहा		राम्दी काँडा ३ विगाहा		
ऐतिहासिक, साँस्कृति पुरातात्वि क र पर्यटकीय	सांस्कृतिक		सिद्धापाइला	मष्टोमन्दिर, कालिका मन्दिर	चर्च, शिवमन्दिर	गढी किल्ला	शिवमन्दिर	भैरव मन्दिर, सिद्धापाइला		देविथान
	पर्यटकीय	भोटे गढी	सिद्धापाइला, सुर्खेत दैलेख सडक		पाखापानी पिकनिक स्थ्ल	पारागलाई डड, गढी किल्ला		सिद्धापाइला	सल्लेरी गुफा	सल्लेरी गुफा
भौतिक सुविधा	सडक, बाटोघाटो		पक्की २१ कि.मी., कच्ची २ कि.मी.	कच्ची ३ कि.मी	कच्ची ३ कि.मी.	कच्ची ३ कि.मी	कच्ची १ कि.मी.	कच्ची ३ कि.मि.		कच्ची ५०० मि.
	पुलपुलेसा	झो.पु १ र ३ वडा जोड्ने								
	बसबिसौनी									
	खेलमैदान	सार्वजनिक मैदान			छेडा मैदान ३ कठ्ठा					
स्वास्थ्य , पोषण तथा सामाजिक सुरक्षा	स्वास्थ्यचौकी				स्वास्थ्यचौकी					
	खोप केन्द्र	दर्नाकोट	रानीमत्ता		स्वास्थ्यचौकी			राम्दीकाँडा	ओविडाँडा	
शिक्षा	विद्यालय	निमावि १	प्रावि २	प्रावि १	मावि १	प्रावि १		निमावि १		
	नीजि				प्रावि १					

स्रोतका क्षेत्रहरु	स्रोतहरु	वर्तमान अवस्था (वडा)								
		१	२	३	४	५	६	७	८	९
	विद्यालय									
	सामुदायिक अध्ययन केन्द्र									
	बाल विकास केन्द्र				सोतखोला १					
सेवा तथा सुविधा	सेवा केन्द									
	बैंक र वित्तीय संस्था			शाखारहित BOK	शाखारहित सिटिजन बैंक					
	सहकारी संस्था	कृषि सहकारी		कृषि तथा पशुपालन	गढी बहुउद्देश्यीय	वचत तथा ऋण	कृषि सहकारी	बचत तथा ऋण		
	टेलिफोन	एन.टी.सी. जिएसएम र सिडिएम ए र एनसेल	"	"	एन.टी.सी. जिएसएम र सिडिएम ए र एनसेल	"	"	"	"	"
	विद्युत	१ नं वडा बाहेक सबै वडामा छोएको तर राम्ररी विस्तार हुन बाँकी ।								
	बजार केन्द्र		रातानाङ्ला	छेडा	गोठीकाँडा बजार	बयलकाँडा बजार				
	वैकल्पिक उर्जा	सोलार, बायोग्या, धुवाँरहित चुलो	"	"	"	"	"	"	"	"
	संकलन केन्द्र	दुग्ध संकलन केन्द्र	दुग्ध र तरकारी संकलन	दुग्ध संकलन	दुग्ध संकलन	दुग्ध संकलन	दुग्ध संकलन	दुग्ध संकलन		
खानेपानी तथा ढल निकास	खानेपानी	पाइपलाइन छैन, मुहान	केही घरमा पाइपलाइन	मूल कुवा	मुल	पाइपलाईन छ पानी छैन	पाइपलाइन छ पानी छैन	पाइपलाइन छ पानी छैन	पाइपलाईन केही घर	मूल कवा
	चर्पी	छ	छ	छ	छ	छ	छ	छ	छ	छ
	नाला तथा निकास									
कृषि, वन तथा बजार क्षेत्र	कृषि क्षेत्र	सोतखोला सुनाखरी तरकारी	रातानाङला रानीमत्ता तरकारी	मेहेलपानी तरकारी	गोठीकाँडा अन्नबाली, सोतखोली फलफुल	बयलकाँडा अन्नबाली	अन्नबाली राम्चे	अन्नबाली तरकारी राम्दीकाडा	तल्लो थाली अदुवा बेसार	माथिल्लो थाली अदुवा बेसार
	आवासिय क्षेत्र	सुनाखरी दर्नाकोट	रातानाङला तल्लो रानीमत्ता	मेहेलपानी सालडाँडा	गोठीकाँडा सोतखोला, वाँसकोट	वयलकाँडा	राम्चे	राम्रीकाँडा	तल्लो थाली	माथिल्लो थाली
	जीविकोपार्जनका श्रोतहरु	कृषि, बैदेशिक रोजगार, पशुपालन	कृषि, बैदेशिक रोजगार, पशुपालन	कृषि, बैदेशिक रोजगार, पशुपालन	कृषि, बैदेशिक रोजगार, पशुपालन	कृषि, बैदेशिक रोजगार, पशुपालन	कृषि, बैदेशिक रोजगार, पशुपालन	कृषि, बैदेशिक रोजगार, पशुपालन	कृषि, बैदेशिक रोजगार, पशुपाल	कृषि, बैदेशिक रोजगार, पशुपालन

स्रोतका क्षेत्रहरु	स्रोतहरु	वर्तमान अवस्था (वडा)								
		१	२	३	४	५	६	७	८	९
		, आयमुलक कार्यक्रम	, आयमुलक कार्यक्रम, जडिबुटि खेती	, आयमुलक कार्यक्रम	, आयमुलक कार्यक्रम, व्यापार व्यवसाय	, आयमुलक कार्यक्रम	, आयमुलक कार्यक्रम	, आयमुलक कार्यक्रम	न, आयमुलक कार्यक्रम	, आयमुलक कार्यक्रम
गरिबी तथा सामाजिक परिचालन	गरिबीको रेखामुनीका परिवार	धेरै	सामान्य	सामान्य	सामान्य	सामान्य	धेरै	धेरै	सामान्य	सामान्य
	सामाजिक परिचालन कार्यक्रम	एलजीसिडिपि, डब्लुएआरएमपी, साझेदारी विकास कार्यक्रम, किसान परियोजना	एलजीसिडिपि, डब्लुएआरएमपी, साझेदारी विकास कार्यक्रम, किसान परियोजना	एलजीसिडिपि, डब्लुएआरएमपी, साझेदारी विकास कार्यक्रम, किसान परियोजना	एलजीसिडिपि, डब्लुएआरएमपी, साझेदारी विकास कार्यक्रम, किसान परियोजना	एलजीसिडिपि, डब्लुएआरएमपी, साझेदारी विकास कार्यक्रम, किसान परियोजना	एलजीसिडिपि, डब्लुएआरएमपी, साझेदारी विकास कार्यक्रम, किसान परियोजना	एलजीसिडिपि, डब्लुएआरएमपी, साझेदारी विकास कार्यक्रम, किसान परियोजना	एलजीसिडिपि, डब्लुएआरएमपी, साझेदारी विकास कार्यक्रम, किसान परियोजना	एलजीसिडिपि, डब्लुएआरएमपी, साझेदारी विकास कार्यक्रम, किसान परियोजना
	दलित तथा जनताति र लक्षित वर्गको उपस्थिति	५० प्रतिशत	७५ प्रतिशत जनजाति	सामान्य जनजाति	६० प्रतिशत जनजाति	२० प्रतिशत दलित	५० प्रतिशत जनजाति	५० प्रतिशत दलित	१०० प्रतिशत जनजाति	५० प्रतिशत जनजाति
	समुदायमा आधारित संस्था र संजाल	वनामं १, नासके, कृषक समुह, आमा समुह, सावउस, युवा क्लब, सम्वाद केन्द्र १२ वटा, सामुदायिक मेलमिलाप केन्द्र								
	सहयोगी संस्थाहरु	USAID, GIZ, Storma Foundation Global Action, INF								
	संस्थागत र क्षमता विकास	तालिम, अभिमुखीकरण, अध्ययन भ्रमण, वस्तुगत सहयोग, लेखा व्यवस्थापन, नेतृत्व विकास, संजाल निर्माण								

स्रोत : स्रोत नक्साकंन तथा व्यवस्थापन योजना २०७१

अनुसुची २

तालिका नं. ७९
गढी गा.वि.स.को
स्रोत व्यवस्थापन योजना २०७१

स्रोतका क्षेत्रहरु	स्रोतहरु	स्रोत व्यवस्थापन योजना	
		आवश्यक कार्यक्रम	लक्षित क्षेत्र
जलश्रोत तथा अन्य प्राकृतिक श्रोत	कुलो	सिँचाई कुलो निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन	वडा नं २, १, ४, ६, ८
	खोला	गिटि बालुवा ढुरा उपयोग	सबै वडामा
	वन जंगल		सबै वडाहरुमा
		वनपैदावार बस्तुहरु (काठ, खर तथा घाँस, दाउरा, खोटोको आन्तरिक उपयोग तथा निकासी), जडिबुटी खेती र वनमा आधारित उद्यम स्थापना र संचालन	सबै वडाहरुमा
	खेतीयोग्य जमिन	अन्नबाली र तरकारी खेती फलफुल	वडा नं ३ २ ४ ६ ७
	बाँझो र प्रर्तिजग्गा	घाँस रोप्ने र प्रयोग गर्ने	सबै वडाहरुमा
	खनिज	सिमेन्ट बनाउन सकिने चुनढुरा भएको	वडा नं ८ र ९ थाली
सम्पदा	साँस्कृतिक पर्यटकीय क्षेत्र	गोठीकाँडा डाँडा, शिवमन्दिर, सिद्धापाइला	वडा नं ४ ५
		प्याराग्लाईडिङ	वडा नं ४, ५ २
		बनभोज स्थल निर्माण	वडा नं ४ ,२, ५
		होम स्टे	
भौतिक सुविधा	सडक र वाटो	सडक विस्तार तथा स्तरोउन्नती, नालि निर्माण, कल्भर्ट निमार्ण	गाविसभरी
	पुलपुलेसा	झोपु तथा पुल मर्मत सम्भार, नँया निर्मा(ा, कल्भर्ट निर्माण	गाविसभरी
	बसबिसौनी	बसपार्क पिच तथा व्यवस्थापन	वडा नं ४ र ५
	खेलमैदान	मावि विद्यालयको खेलमैदान निर्माण	वडा नं ४ र ५
स्वास्थ्य, पोषण तथा सामाजिक सुरक्षा	स्वास्थ्यचौकी	भौतिक सामाग्री, प्रयोगशाला र मानव संसाधनको व्यवस्था, संस्थाको स्तरोन्नति	वडा नं ४ गोठीकाँडा
	खोप केन्द्र	खोपकेन्द्र विस्तार	सबै वडामा
	पोषण केन्द्र	पोषण केन्द्र स्थापना र संचालन	गोठीकाँडा

स्रोतका क्षेत्रहरु	स्रोतहरु	स्रोत व्यवस्थापन योजना	
		आवश्यक कार्यक्रम	लक्षित क्षेत्र
	स्याहार केन्द्र	स्याहार केन्द्र स्थापना र संचालन	वडा नं ४
शिक्षा	विद्यालय	भौतिक सुधार, भवन निर्माण, संथागत क्षमता विकास, फर्निचर तथा शैशिक सामाग्री सहयोग, खेलमैदान, घेराबार, चर्पी र खानेपानी	सबै विद्यालयमा
	प्राविधिक शिक्षालय तथा प्रशिक्षण केन्द	प्राविधिक शिक्षालय, भवन निर्माण, भौतिक पुर्वाधार निर्मा(ा, फर्निचर , होस्टेल निर्माण	वडा नं ४
	नीजि विद्यालय	समन्वय र सम्बन्ध विस्तार	वडा नं ४, ५, १
	बाल विकास केन्द्र	संस्थागत विकास, खेल सामाग्री, खेल तथा अध्ययन सामाग्री, सहयोगी कार्यकर्ता सुविधा	वडा नं ७, ८ २
	सामुदायिक अध्ययन केन्द्र	सुचना केन्द्र स्थापना र संचालन, भौतिक निर्माण तथा सुधार, सामग्री सहयोग	वडा नं ४
	मानव श्रोत	सीप विकास बाँसका सामाग्री, सिलाइ कटाइ, मौरीपालन, बाखा भैसी पालन सम्बन्धी तालिम, कृषि तालिम	गाविसभरी
	पुस्तकालय	विद्यालयमा एकीकृत गरी पुस्तकालय स्थापना र संचालन गर्नुपर्ने	वडा नं ४
सेवा	सेवा केन्द	दुग्ध संकलन केन्द्र स्थापना, प्रहरी चौकी स्थायी गर्नुपर्ने,	वडा नं ४
	वित्तीय एवं सहकारी संस्था	संस्था विस्तार तथा क्षमता विकास	सबै वडामा
	हुलाक	स्थायी गर्नु पर्ने	वडा नं ४
	विद्युत	केन्द्रिय प्रशारण लाईन जडान	सबै वडामा
	वैकल्पिक उर्जा	सोलार, बायोग्यास, सुधारिएको चुलो जडान	सबै वडामा
	बजार केन्द्र	पूर्वाधार विकास	सबै वडामा
	संकलन केन्द्र	तरकारी र दुग्ध संकलन केन्द्र	सबै वडामा
खानेपानी तथा ढल निकास	खानेपानी	नयाँ निर्माण, (मर्मत सम्भार)	वडा नं १, ४, ६, ७, ८, ९
	चर्पी	पुर्ण सरसफाई योजना अभियान संचालन र घोषणा, खुला दिशामुक्त क्षेत्र घोषणा	सबै वडामा
	नाला र ढल निकास	नाला निर्माण र विस्तार	सबै वडामा आवश्यक
कृषि, वन तथा बजार क्षेत्र	कृषि र आर्यआर्जन	मौसमी तथा बेमौसमी तरकारी (तालिम, प्रविधि र सिँचाई र मलबिऊ), उन्नत जातका भैसी र गाइ पालन	सबै वडामा
	वन क्षेत्र	वनको वैज्ञानिक व्यवस्थापन, जडिबुटि खेती र प्रशोधन	सबै वडा
	बजार क्षेत्र	बजार व्यवस्थापन र नाली व्यवस्थामपन	वडा नं ४ र ५
	आवासिय क्षेत्र	चर्पि निर्माण, सरसफाई, फोाहेरमैला व्यवस्थापन	वडा नं ४ र ५

स्रोतका क्षेत्रहरु	स्रोतहरु	स्रोत व्यवस्थापन योजना	
		आवश्यक कार्यक्रम	लक्षित क्षेत्र
	जीविकोपार्जनका श्रोतहरु	कृषिपशुपालन, जडिबुटि, लघु घरेलु र साना उद्यम, व्यपार व्यवसाय, पर्यटन	गाविसभरी
गरिबी तथा सामाजिक परिचालन	संस्थागत र क्षमता विकास (सामाजिक परिचालन)	संस्थागत विकास र संजालीकरण, सार्वजानीक सेवा सुविधामा अधिकार, नागरिककोजिम्मेबारी बारे अभिमुकिकरण,	गाविस भरी
	दलित तथा जनताति र लक्षित वर्गको उपस्थिति	सीपमुलक तालिम र व्यवसाय विकास सहयोग, योजना तर्जुमा, अनुगमन बारे अभुमुखिकरण	गाविस भरी
	समुदायमा आधारित संस्था र संजाल	संस्थाहरुको अभिलेख तयारी गाविसमा सुचीकृत गन, समुदाय ससक्तिकराण र विकास कार्यमा परिचालन	गाविस भरी
	सहयोगी संस्थाहरु	निरन्तर भेटघार, छलफल, अनुभव आदानप्रदान, अध्ययन तथा अवलोकन भ्रमण	

स्रोत : स्रोत नक्सांकन तथा व्यवस्थापन योजना गढी २०७१

अनुसुची ३

तालिका नं. ८०
दलित, जनजाति तथा पिछडिएको वर्ग भित्र पर्ने जातिहरुको विवरण :

दलित अन्तर्गत :

१। लोहार	२। सुनार	३। कामी	४। दमाई	५। सार्की
६। वादी	७। गाइने	८। कसाई	९। कुस्ले	१०। कुचे
११। च्यामे	१२। पोडे	१३। चमार	१४। धोवी	१५। पासवान (दुसाध)
१६। तत्मा	१७। डोम	१८। वातर	१९। खत्वे	२०। मुसहर
२१। सन्थाल	२२। सतार	२३। हलखोर		

जनजाति अन्तर्गत :

१। किसान	२। कुमाल	३। कुशवाडिया	४। कुसुण्डा	५। गनगाई
६। गुरुङ	७। चेपाङ	८। छन्त्याल	९। छैरोतन	१०। जिरेल
११। झाँगड	१२। डोल्पो	१३। ताङ्वे	१४। ताजपुरिया	१५। तामाङ
१६। थकाली	१७। तीनगाउँले थकाली	१८। तोप्केगोला	१९। थामी	२०। थारु

२१। थुदाम	२२। दनुवार	२३। दराई	२४। दुरा	२५। धिमाल
२६। नेवार	२७। धानुक राजवंशी)	२८। पहारी	२९। फ्री	३०। नकारिया
३१। वरामो	३२। वाह्र गाउँले	३३। वोटे	३४। भुजेल	३५। भोटे
३६। मगर	३७। माझी	३८। मार्फाली थकाली	३९। मेचे (वोडो)	४०। मुगाली
४१। याख्खा	४२। राई	४३। राउटे	४४। राजवंशी (कोच)	४५। राझी
४६। लार्के	४७। लिम्वू	४८। लेप्चा	४९। ल्होमी (शिङसावा)	५०। ल्होपा
५१। वालुङ	५२। व्यासी	५३। शेर्पा	५४। सतार (सन्थाल)	५५। सियार
५६। सुनुवार	५७। सुरेल	५८। हायु	५९। ह्योल्मो	

पिछडिएका जनजाति :

१. कुसुण्डा	२. वनकारिया	३. राउटे	४. सुरेल	५. हायु
६. राजी	७. किसान	८. लोप्चा	९. मेचे	१०. कुशवाडिया
११. माझी	१२. सियार	१३. शिङ्सा	१४. थुदाम	१५. धानुक
१६. चेपाङ	१७. सतार (सन्थाल)	१८. झाँगड	१९. थामी	२०. वोटे
२१. दनुवार	२२. वरामु			

अनुसुची ४

तालिका नं.८१

: आ.व. २०६७/६६ देखि २०६९/७० को यथार्थ २०७०/७१ को संसोधित र २०७१/७२ को प्रस्तावित आय विवरण

शीर्षक नं.			आय शिर्षक	आर्थिक वर्ष (यथार्थ)			संसोधित	प्रस्तावित
				०६७/६८	०६८/६९	०६९/७०	०७०/७१	०७१/७२
१	१		**स्थानीय कर**	१०३६३३	८२६१३	९४१६२	११००००	११००००
१	१	१	घरजग्गा कर					
१	१	२	मालपोत वा भूमि कर	५९०७४	४२६१३	३९२८५	४५०००	४५०००
१	१	३	हाटबजार, पसल कर					

१	१	४	सवारी कर	७७७०				
१	१	५	मनोरञ्जन कर					
१	१	६	बहाल विटौरी कर	३६७८९	४००००	५४८७७	६५०००	६५०००
१	१	७	विज्ञापन कर					
१	१	८	व्यवसाय कर					
१	१	१०	प्राकृतिक स्रोत उपयोग कर					
१	**२**		**सेवा शुल्क**					
१	२	१	वनभोजस्थल, संकलन तथा विक्री केन्द्र शुल्क,					
१	**३**		**दस्तुर**	**१०४६७**	**११०००**	**२६९९५**	**४००००**	**४००००**
१	३	१	सिफारिस	१०४६७	११०००	२६९९५	४०००००	४०००००
१	**४**		**बिक्री**					
१	**५**		**स्रोत उपयोग र अन्य आय**	**६७४०**	**६०००**	**२२४१०**	**२८०००**	**२८०००**
१	५	१	दण्ड सजाय	६७४०	६०००	१८११०	२२०००	२२०००
१	५	२	अन्य आय (हलभाडा)			४३००	६०००	६०००
			जम्मा	**१ँ०५**	**९९६१३**	**१ँ०५**	**१७८०००**	**१७८०००**

तथ्याङ्क स्रोतः गाविसको अभिलेख, २०७१

अनुसुची ५

गाउं विकास समिति कार्यालयको नागरीक बडा पत्र

नागरीक बडा पत्र - २०७१

क सं	सेवा सुविधाको विवरण	आवश्यक पर्ने कागजात हरु	लाग्ने दस्तुर	सेवा प्रवाह लाग्ने समय	जिम्मेवार निकाय (शाखा)
१	नेपाली नागरीकताको लागी सिफारीस	१ निवेदन फारम २ अनुसुची १ फारम ३ २ प्रति फोटो ४ पिता वा पतिको नागरीकताको प्रमाण पत्र को प्रतिलिपि ५ जन्म दताको प्रमाण पत्रको प्रतिलिपि वा विद्यालयको सर्टिफिकेट ६ बसाइ सरी आएको भए बसाई सराइको प्रमाण पत्रको प्रतिलिपि ७ बैवाहीक अंगकृत नागरीकताको हकमा पतिको ना.प्र.को प्रतिलिपि ८ सनाख्त गर्नको लागी नागरीकताको प्रतिलिपि सहित	रु ७५	सोही दिनको दिन र सर्जमिन बुझ्नु पर्ने भए सोको भोलीपल्ट	गा.वि.स.सचिव(प्रशाशन शाखा)

		श्रीमतीको हकमा श्रीमान र अन्यको लागी बाबु ,आमा दाजु, भाई स्वयं उपस्थीत हुनु पर्ने छ ।			
२	नेपाली नागरीकताको प्रतिलिपि लिनका लागी सिफारीस	१ अनुसुची १ निवेदन फारम २ अनुसुची १ फारम ३ २ प्रति फोटो ४ नागरीकता प्रतिलिपि लिने सिफारीसको हकमा हराएको नागरीताको नम्बर खुलेको प्रमाण पत्र	रु ७५	सोही दिनको दिन	गा.वि.स.सचिव(प्रशाशन शाखा)
३	नाता प्रमाणीत सिफारीस	१ निवेदन फारम २ मृतकको नागरीकताको प्रमाण पत्र को प्रतिलिपि ३ निवेदकको नागरीकताको प्रतिलिपि ४ नाता प्रमाण जुट्ने कागजात ५ हाल सालै खिचेको सम्बन्धीत ब्यक्ति पिच्छे २ प्रति फोटो	रु ५०	दर्ता भएको भोलीपल्ट	गा.वि.स.सचिव(प्रशाशन शाखा)
४	नाम थर संसोधनका लागी सिफारीस	१ निवेदन २ निवेदको नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपि ३ नाम थर फरक सम्बन्धी पुष्टी हुने कागजात ४ बहाल वाला कर्मचारी भए सम्बन्धीत कार्यालयको	रु १००	दर्ता भएको भोलीपल्ट	गा.वि.स.सचिव(प्रशाशन शाखा)

		सिफारीस पत्र			
५	चार किल्ला प्रमाणीतका लागी सिफारीस	१ निवेदन २ निवेदकको नागरीकताको प्रतिलिपि ३ जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि र मालपोत तिरेको रसीद	रु १००	सोही दिन	गा.वि.स.सचिव(प्रशाशन शाखा)
५	विधुत लाइन जडानको लागी सिफारीस	१ विधुत प्राधिकरण कार्यालय द्वरा तोकियको फारम किताब २ नागरीकताको प्रतिलिपि ३ जग्गा धनि प्रमाण पुर्जा र मालपोत तिरेको रसीद	रु १००	सोही दिन	गा.वि.स.सचिव(प्रशाशन शाखा)
६	उद्योग दर्ताको लागी सिफारीस	१ निवेदन २ उद्योगको नाम लालपुर्जा भएको व्यक्तिको मन्जुरीनामा ,नागरीकता, मुचुल्का को लागी संधियार ५ जना को सर्जमिन ३ निवेदकको नागरीकताको प्रतिलिपि ४ निवेदकको हाल सालै खिचेको २ प्रति फोटो	व्यवासायको प्रकृति अनुसार गाउं परिषदले निधारर्ण गरे बमोजिम दस्तुर लाग्ने छ ।	निवेदन परेको ५ दिन भित्र	गा.वि.स.सचिव(प्रशाशन शाखा)
७	मृतकको नाममा रेहेको जग्गा नामसारीको सिफारीस / अंशबण्डा	१ निवेदन २ नाता प्रमाणीत प्रमाण पत्रको प्रतिलिपि	रु १००	३ दिन	गा.वि.स.सचिव(प्रशाशन शाखा)

	नामसारी	२ निवेदकको नागरीकता प्रमाण पत्रको प्रतिलिपि ३ निवेदकको हाल सालै खिचेको २ प्रति फोटो ४ मृतकको मृत्यु दर्ताको प्रमाण पत्रको प्रतिलिपि र सर्जमीन मुचुल्का मा नेपाली नागरीकता प्राप्त गरेका ५ जना सांक्षी सम्बन्धीत ठांउका सम्बन्धीत व्यक्ति लाई राम्रो संग चिन्ने ५ मालपोत तिरेको रसिद			
८	विद्यालय स्थापना संञ्चालन अनुमतिका लागी सिफारीस	१ शिक्षा नियमावलीले तोकेको ढांचाको निवेदन फारम २ जग्गा प्रमाण पुर्जाको फोटो कपी /प्रतिलिपि ३ विद्यालय व्यवस्थापन समितिको निर्णय सहितको माग पत्र ४ सरकारी विद्यलयको हकमा	निजि क्षेत्रको हकमा पुर्व प्रा.वि.को हकमा रु ५,०००।० नि.मा.वि. रु ७,०००।०० मा.वि.रु १०,०००।०० निशुल्क	३ दिन	गा.वि.स.सचिव(प्रशाशन शाखा)
९	व्यक्तिगत घटना दर्ता ऐन २०३३ र				

	२०३४ नियमावली अनुसारको कार्य				
१०	न्यक्तिगत घटना दर्ता ऐन लागु हुनु पुर्व घटेका घटना दर्ता	१ सम्बन्धीत गा.वि.स. सचिवको सिफारीस सहितको सर्जमिन मुचुल्का २ निवेदकको नागरीकताको प्रमाण पत्रको प्रतिलिपि	रु ५० ।००	सोही दिन	स्थानीय पंञ्जीकाधिकारी
११	जन्म दर्ता	१ बच्चाको आमा बुवा स्वयं उपस्थीत भई वा एकाघरको सम्बन्धीत अभिभावक स्वय उपस्थीत भई जन्मदर्ता फारम भर्नु पर्ने (३५ दिन भन्दा अगाडी आई दर्ता गराएमा निशुल्क २ बालकको बाबु आमाको नागरीकताको प्रमाण पत्रको प्रतिलिपि ३ अस्पतालमा जन्म भएको भए अस्पतालको जन्म प्रमाणीत प्रतिलिपि	रु ५० ।००	सोही दिन	स्थानीय पंञ्जीकाधिकारी
१२	मृत्यु दर्ता	१ निवेदन २ श्रीमान/श्रीमती वा एका घर परिवारको नागरीकता प्राप्त गरेको सदस्य स्वयं उपस्थीत भई सुचक ले सुचना फारम भरी पेश गरेको आधारमा ३ मृतकको नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपि ४ अस्पतालमा मृत्यु भएको भए अस्पतालको मृत्यु	रु ५० ।००	सोही दिन	स्थानीय पंञ्जीकाधिकारी

		प्रमाणीत प्रतिलिपि । ५ ३५ दिन भन्दा अगाडी आई दर्ता गराएमा निशुल्क			
१३	विवाहा दर्ता	१ विवाहा दर्ता सम्बन्धी फारम भनुपर्ने । २ पति पत्नी दुवैको नागरीकता प्रतिलिपि साथमा लिई दुवै जना अनिवार्य उपस्थीत भई विवाहा दर्ता सम्बन्धी अनुसुची ४ फारम भरी साही आधारमा ५ ३५ दिन भन्दा अगाडी आई दर्ता गराएमा निशुल्क दर्ता गरिने छ ।	रु ५०।००	सोही दिन	स्थानीय पंञ्जीकाधिकारी
१४	बसाई सराइ दर्ता सम्बन्धी	१ अन्य जिल्ला /नगरपालीका /गा.वि.स.बाट बसाई सराई भई आएको भए बसाई सराईको प्रमाण पत्रको प्रतिलिपि २ निवेदकको नागरीकताको प्रमाण पत्रको प्रतिलिपि ३ जग्गा धनि पुर्जाको फोटोकपी ४ ५ दिन भन्दा अगाडी आई दर्ता गराएमा निशुल्क दर्ता गरिने छ ।	रु ५० ।००	सोही दिन	स्थानीय पंञ्जीकाधिकारी
१५	सम्बन्ध विच्छेद घटना दर्ता	१ सम्बन्धीत (पति पत्नी) दुवैको नागरीकताको प्रमाण	अदालतको	सोही दिन	स्थानीय

		पत्र को प्रतिलिपि ३ सम्बन्ध विच्छेद भएको सम्मानित अदालतको फैसलाको प्रमाणीत प्रतिलिपि समेत समावेश गरी पुनरावेदन गर्ने म्याद समाप्त भए पछी सरोकारवाला आफै उपस्थीत भई अनुसुची ५ फारम भरी पेश गर्नु पर्ने छ । ३ ३५ दिन भन्दा अगाडी आई दर्ता गराएमा निशुल्क दर्ता गरीने छ ।	फैसला भई पुनरावेदन गर्ने म्याद समाप्त भएको मितिले ३५ दिन भित्र आएमा निशुल्क : ३५ दिन समाप्त भएमा रु ५० लाग्ने छ ।		पंञ्जीकाधिकारी
१६	आयोजना सम्झौता	१ गाउं परिषद बाट योजना स्वीकृट भएको हुनु पर्ने छ २ योजना स्थलको भेला बाट नियमानुसार उपभोक्ता समिति गठन भएको हुनु पर्ने छ । ३ योजनाको लागत अनुमान संलग्न हुनु पर्ने छ । ४ लागत अनुमानको न्युनतम २० प्रतिशत रकम जनसहभागीता जुट्ने आयोजना मा स्थानिय निकायको कोष खातामा नगदै जम्मा गरेको सो को भौचर पेश गरी सम्झौता गर्नु पर्ने छ । अन्यथा सम्झौता गर्न पाइने छैन ।	निशुल्क :	सोही दिन	गा.वि.स. प्राविधिक
१७	आयोजना जांचपास तथा फरफारक	१ उपभोक्ता समितिको र अनुगमन समितिको काम सम्पन्न भएको निर्णय ।	निशुल्क :	सोहीदिन वा योजना निरिक्षण	गा.वि.स. प्राविधिक

		२ संघसस्था मा संञ्चालन भएको योजनाको हकमा सो सस्थाको काम सम्पन्न भएको पत्र ३ कार्यसम्पन्न प्रतिवेदन		पछी	
१८	सिफारीस	१ सम्बन्धीत व्यत्ति /संघ सस्थाको निवेदन वा पत्र अनुसार २ नियमानुसार आवश्यक कागजात	नियमानुसार दस्तुर	सोही दिन वा भोलीपल्ट	गा.वि.स.सचिव(प्रशाशन शाखा)
१९	घर कायम	१ नागरीकताको प्रतिलिपि २ लाल पुर्जाको प्रतिलिपि	नियमानुसार दस्तुर	सोही दिन वा भोलीपल्ट	गा.वि.स.सचिव(प्रशाशन शाखा)
२०	सामाजीक सुरुक्षा				
१ क	जेष्ठ नागरीक	१ तोकिएको ढांचामा निवेदन ७० वर्ष पुरा भएको नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपि र २ प्रति फोटो सहित निवेदन दिने २ दलितको हकमा ६० वर्ष उमेर पुरा गरेको नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ । ३ एकल महिलाको लागी जुन सुकै उमेर र श्रीमानको नागरीकताको प्रमाण पत्र , मृत्यु दर्ताको प्रमाण पत्रको प्रतिलिपि र २ प्रति फोटो सहित आफ्नो नां प्र को प्रतिलिपि पेश गर्ने	निशुल्क	सोही दिन	गा.वि.स.सचिव(प्रशाशन शाखा)

		(नोटः सामाजीक सुरुक्षाको निवेदन मंसीर मसान्त भित्र पेश गरीसक्नु पर्ने छ र परिचय पत्र आगामी आ.व.का. श्रावण १ देखी लागु हुने छ)			
२ क	बालपोषण	१ तोकिएको ढांचामा ५ वर्ष पुरा नभएका दलित बालबालीका ले जन्म दर्ताको फोटो कपि ,२ प्रति फोटो र अभिभावकको १ प्रति फोटो सहित निवेदन मंसीर मसान्त भित्र पेश गरीसक्नु पर्ने छ ।			
२१	उद्योग दर्ता	१ लाल पुर्जा तिरेको रसिद उद्योग दर्ताको प्रमाण पत्र	निशुल्क	सोही दिन	गा.वि.स.सचिव(प्रशाशन शाखा)
२२	मुद्दा दर्ता	१ प्रमाण खुलाई आफुलाई मर्का परेको फिराद पत्र वा उजुरी	निशुल्क	७ दिन पछी	गा.वि.स.सचिव(प्रशाशन शाखा)

सन्दर्भ सामाग्री

१. गाउँ बिकास समिति गढीको पूर्व वस्तुस्थिति विवरण (VDC Profile)

२. जनगणना २०६८ का प्रतिवेदनहरु, केन्द्रीय तथ्याङ्क बिभाग, २०११

३. विगत आर्थिक वर्षका गाउं परिषद निर्णयहरु

४. विभिन्न अर्थिक वर्षका गाविस लेखा परिक्षण प्रतिवेदनहरु

५. स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४

६. स्थानीय निकाय स्रोत परिचालन तथा व्यबस्थापन कार्यविधि २०६९

७. स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९

८. गाउँ विकास समितिको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०६७

९. जिल्ला विकास समिति पार्श्व चित्र सुर्खेत २०७०

१०. अन्य विभिन्न प्रतिवेदनहरु

११. स्रोत नक्सांकन तथा व्यवस्थापन योजना २०७१ गढी

१२. स्थानिय तथा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित समाचारहरु

१३. इन्टरनेट तथा विभिन्न वेभसाइट

तथ्यांक उपलब्ध गराइ यस पार्श्वचित्र निर्माणमा सहयोग गर्नु हुने सम्पूर्ण गढी बासी आमाबुबा दाजुभाइ तथा दिदि बहिनीहरुमा हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दै सदा सकरात्मक सहयोगको अपेक्षा गर्दछौँ ।

तथ्यांक नै स्रोत व्यवस्थापनको आधार हो ।

धन्यवाद ।।